www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष १, अंक ९, २०७३ फागुन १-१५ रु.१५।-



९ सत्रुलाई मित्रको रुपमा पाएँ

# जोगिएला लोकप्रियता ?



"कोमल वलीलाई जसरी अहिले चिन्नुहुन्छ, त्यो मेरो कामलाई चिन्नु भएको हो । व्यक्ति त यहाँ ३ करोड नेपाली छन् कहाँ सबैलाई चिनेर सम्भव छ । त्यसैले कोमल वलीको लोकप्रियता जोगाउन तथा बढाउन लोकप्रिय नै काम गर्न सक्नुपर्छ । जनतासँग जाने एजेण्डा, जनतालाई पकडमा राख्न सक्ने मेरो क्षमता रहन्छ भने मसँग राजनीति रहन्छ, यदि यो रहँदैन भने मेरो राजनीतिले पनि विश्राम लिन्छ ।

संगीतकर्मी, खेलाडी, कलाकर्मी, साहित्यकारहरुले पुऱ्याएको योगदान स्वरुप राष्ट्रिय सम्मान राज्यले गर्नु पर्दछ । चाहे म सत्तामा पूगौं या नपुगौं तर मेरो पार्टीले यो पहल गर्नेछ, यो मेरो ग्यारेण्टी हो । मोक्ष प्राप्तीका लागि संगीत सुनिन्छ । मनोरञ्जनदेखि शोक मनाउन पनि संगीतको प्रयोग गरिन्छ भने यसको उच्च मुल्यांकन हुन जरुरी छ । त्यो राप्रपाले गर्नेछ ।

गरे हुने रैछ भन्ने कुरा कुलमानजीले यतिबेला सावित गराइदिनुभयो । केहि न केहि त हामी भित्र छल कपट बेइमानी रहेछ नि । त्यसैले विवेकको राजनीति गर्नुहोस्, स्वार्थ त्याग्नुहोस् । अवश्य देशले सकारात्मक गति लिनेछ ।"

तस्वीर: नवीन गुरुङ




MusicKhabar.com Presents

6th Music Khabar Music Award -2017


Form Open

Putalisadak Ktm
9851007430/9841710751
01-4010545

Event by : SK MEDIA

## रिलिज कर्नर

### म त चोखो माया गर्छु...




म्यूजिकखबर । लोकदोहोरी क्षेत्रका लोकप्रिय गायक विरही कार्की अब आधुनिक संगीततर्फ पाइला चालेका छन् । राम्रो शब्द तथा भाका सिर्जनामा दख्खल राख्ने गायक कार्कीले आधुनिक गीततर्फको पहिलो प्रयासमा आधुनिक गीत 'म त माया गर्छु' संगीत गरेका छन् । उनको संगीतमा स्वरूपराज आचार्यको स्वर एवं दिल्ली चन्दको शब्दरचना रहेको गीत सुनखानी म्यूजिकले आज सार्वजनिक गरेको छ । म त माया गर्छुमा पुरूष स्वर स्वरूपराज आचार्यको रहेको छ भने महिला स्वरमा लक्ष्मी तामाङको रहेको छ । मायाप्रेम र मिलन विछोडकै कथावस्तुमा तयार भएको गीत म त माया गर्छुबाट गायक विरही कार्कीले आधुनिक संगीतकारतर्फ डेब्यू गरेका हुन् । कार्कीका सुनखानीमा सुन, विन्ध्यवासिनी, शंका नमान, मायालु हजार, जूनकिरी, गुराँस फुल्ने, झ्याउँकिरी लगायतका दर्जनौं गीतहरू चर्चित एवं लोकप्रिय छन् । लोकदोहोरीमा त राम्रो स्थान ओगट्न सफल गायक कार्कीको आधुनिक पाटो कस्तो रहनेछ यो गीतले भविश्यवाणी गर्नेछ ।

### लवकुमारको अल्लारे पारैमा...



गायक लवकुमार भट्टको नयाँ लोकदोहोरी गीत अल्लारे पारैमा यतिखेर चर्चा बटुल्ने क्रममा छ । गोर्खा चौतारी म्यूजिकबाट बजारमा आएको यस गीत यूट्यूबमा जसरी दर्शकहरूको माया पाइरहेको छ भने रेडियो टेलिभिजनमा पनि राम्रो स्थान जमाउन सफल भएको छ । लवकुमार भट्ट र जमुना थापाको स्वर रहेको अल्लारे पारैमा... गीतलाई मुस्कान गोर्खालीले लेखेकी हुन् । मुस्कान गोर्खालीको शब्दलाई लवकुमार भट्टले भाका सिर्जना गरेका छन् । मौलिक भाकामा गाइएको गीतका रूपमा लिइएको यस गीतले मायाप्रेसँगै लोकपारखीहरूको मन जित्ने विश्वास लिइएको छ । अल्लारे पारैमा... गीतको म्यूजिक भिडियोमा मुस्कान गोर्खाली, दिवस, कोपिला गुरूङ र प्रकाश सपुतको अभिनय देख्न पाइन्छ । स्मृति तिमिल्सिना गुरूआमाको निर्देशन रहेको यस म्यूजिक भिडियोलाई सुरेश श्रेष्ठले छायाँकन गरेका हुन् भने दिपक विष्टले सम्पादन गरेका छन् ।

### राजु र सुमनको 'समीप'




गायक सुमन शेखर मानन्धरको नयाँ गीति एल्बम 'समीप' सार्वजनिक गरिएको छ । पहिलो एल्बम 'बिर्सनै सकिन'बाट सांगीतिक यात्रा तय गरेका गायक सुमनको समीप पाँचौ गीति एल्बम हो । वरिष्ठ संगीतकार राजु सिंहको एकल संगीत रहेको एल्बममा ५ वटा गीत समेटिएको छ । एल्बममा आधुनिकका साथै राष्ट्रिय गीतसमेत समेटिएको छ । गीति एल्बममा दिनेश अधिकारी, दीपक प्याकुरेल, नविन श्रेष्ठ, सोमनाथ मुखिया र रमेश पौडेलको शब्द रहेको छ । यसका साथै 'बोल्न पनि' नामको गीतको भिडियो पनि सार्वजनिक गरिएको छ । जनक दीप पराजुलीले निर्देशन गरेको म्युजिक भिडियोमा अर्जुन, दृष्टि र अबिस्कारको अभिनय रहेको छ । भने,अर्जुन तिवारीको छाँयाकन तथा प्रज्वलित पराजुलीको सम्पादन रहेको छ ।

# पासाङको तिम्रो यादमा



म्यूजिकखबर । गीतकार पासाङ तामाङको एकल रचना एवं संगीतकार मनीपाल राईको एकल संगीत रहेको गीतिसंग्रह 'तिम्रो यादमा' सार्वजनिक भएको छ । अनामनगरस्थित विनायो क्याफेमा कार्यक्रमको आयोजना गर्दै एल्बमको सार्वजनिक गरिएको हो । चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रिय, नेपाल सांगीतिक संघका महासचिव सन्तोष श्रेष्ठ, ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ ज्योतिप्रकाश विश्वकर्मा, संगीतकला पत्रकार संघकी उपाध्यक्ष विनिता मरहट्ठा, म्यूजिक खबर पाक्षिककी सम्पादक सबिता पोखरेल एवं पत्रकार तथा निर्देशक डब्बु क्षेत्रीको हातबाट 'तिम्रो यादमा' गीतिसंग्रहलाई सार्वजनिक गरिएको हो ।

कार्यक्रममा एल्बमभित्र रहेका चारवटा गीतको म्यूजिक भिडियो देखाइएको थियो । म्यूजिक भिडियो हेरिसकेपछि एल्बमका बारेमा अतिथिहरूले पासाङ तामाङको गीति लेखन संगीतकार मनीपाल राईको संगीत व्यवसायिक धारमा रहेको बताएका थिए । प्रवासमा रहेर पनि गीतसंगीतको गहिराइमा पुग्न सक्ने, नेपाली माटो र मायाप्रेम सुहाउँदो गीत संगीत सिर्जना भएको बताएका थिए । म्यूजिक भिडियो पनि लोकेसन अनुसार प्रवासको ठाउँमा मेहनत गरेर बनाइएको अतिथिहरूले बताए । प्रवासमा रहेर घरबासको यादमा लेखिएका गीतहरूले मूलधारको गीतसंगीतको प्रतिनिधित्व गरेको संगीतकार सन्तोष श्रेष्ठले बताए । पासाङ गीतलेखनमा खोट लगाउने ठाउँ नभएको बताउँदै गीतकार एवं पत्रकार शान्तिप्रियले गीतले सफलता पाउनेमा आफू विश्वस्त रहेको बताएका थिए ।

चारवटा गीत रहेको तिम्रो यादमा नामक एल्बमका चारवटै गीतको म्यूजिक भिडियो पनि निर्माण गरिएको छ । मैले हार्दा, कहिले तिमीलाई, बाँचुन्जेल सँगै बसौं, कहिले तिमीलाई जस्ता गीतहरू समावेश गरिएको एल्बममा अन्जु पन्त, प्रमोद खरेल, अमर राई र सुनिता पन्तको आवाज रहेको छ । मैले हार्दा, बाँचुन्जेल सँगै, कहिले तिमीलाई बोलको गीतको म्यूजिक भिडियो मलेसियामा नै छायाँकन गरिएको हो भने प्रमोद खरेलको आवाजमा रहेको कहिले तिमीलाई बोलको गीतको म्यूजिक भिडियो भने कोरियामा छायाँकन गरिएको हो । 'तिम्रो यादमा' एल्बमलाई शुभकामना मिडिया सोलुसनले बजार व्यवस्थापन गरेको छ ।

## गायक गन्धर्वलाई जंगबहादुर गन्धर्व संगीत सम्मान




म्यूजिकखबर । सारङ्गी सम्राट जंगबहादुर गन्धर्व संगीत प्रतिष्ठानले सारङ्गी दिवस मनाउँदै सारङ्गीवादक कृष्ण गन्धर्वलाई 'जंगबहादुर गन्धर्व संगीत सम्मान–२०७३' प्रदान गरिएको छ । दश हजार राशिसहित गन्धर्वलाई दोसल्ला र सम्मानपत्र प्रदान गरिएको थियो । राजधानीको अनामनगर स्थिति विनायो क्याफेमा संगीतका हस्तीहरूका बीचमा भएको सारङ्गी दिवसमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुख अतिथि कुलपति सरूभक्त र जंगबहादुर गन्धर्व संगीत प्रतिष्ठानकी संरक्षक  को हातबाट सारङ्गीवादक एवं गायक गन्धर्वलाई सम्मान प्रदान गरिएको हो ।

कार्यक्रममा संगीतकार सन्तोष श्रेष्ठले सारङ्गी सम्राट जंगबहादुर गन्धर्वको बारेमा स्पष्ट पार्दै रापतीको मात्र नभएर राष्ट्रकै सारङ्गी सम्राटका रूपमा परिचित हुनुपर्ने धारणा राखेका थिए । कार्यक्रमका विशिष्ट अतिथि गायक कुमार बस्नेत, संगीतकार बीबी अनुरागी, सारङ्गीवादक श्याम नेपाली, प्रस्तोता समाज नेपालका अध्यक्ष हेमन्त शर्मा, संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष, संघकै महासचिव महेश खड्का लगायतले जंगबहादुर गन्धर्वका बारेमा बाल्दै जंगबहादुर गन्धर्वैको योगदान भुल्न नहुने बताएका थिए । उनीहरूले सारङ्गी एउटा जातिको मात्र बाजा नभएर नेपाली मौलिक बाजाका रूपमा विश्वभरि चिनाउन सक्नुपर्ने र नयाँ नयाँ प्रयोगका साथ यसलाई वैज्ञानिक रूपमा प्रस्तुत गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा सम्मानित व्यक्तित्व कृष्ण गन्धर्वले सारङ्गी सम्राट जंगबहादुर गन्धर्वको नामको सम्मानले उर्जा मिलेको बताउँदै उहाँकै गीत गाउँदै सारङ्गी बजाएर स्मरण गरेका थिए । सारङ्गीवादक श्याम नेपालीले शास्त्रीय सारङ्गीवादन गरेर सारङ्गी दिवसलाई पूर्णता दिएका थिए । कार्यक्रम संगीत कला पत्रकार संघका उपाध्यक्ष लोकराज अधिकारीले संचालन गरेका थिए ।




म्यूजिकखबर । म तपाईंहरूमाझ श्रेय लिएर आएको छु' आफ्नो एल्बम 'श्रेय' सार्वजनिक कार्यक्रममा लोकप्रिय गायक दीपक लिम्बूले भने, 'यहाँहरूले सदाझैं माया गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु ।' 'प्रथम नेपाली तारा'समेत रहेका दीपकको 'श्रेय' शुक्रबार एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ ।

आधुनिक तथा पार्श्वगायनमार्फत चर्चामा रहेका दीपकको 'श्रेय' पाँचौ सोलो एल्बम हो । आफ्नो पाँचौं एल्बमलाई उनले भिन्न तरिकाले सार्वजनिक गरे । पत्रकारहरूलाई खादा ओढाएर सम्मान गर्दै 'श्रेय' को गायक दीपक र एल्बमको गीतकार तथा संगीकार उत्तमजंग लिम्बूले आफैले लोकार्पण गरेका थिए । दिपकले एल्बम 'श्रेय' को 'किन जाली माया' गीत गाएर गाएर पनि सुनाए । एल्बम 'श्रेय' मा गायक समेत रहेका उत्तमजंगको एकल शब्द तथा संगीतर रहेको छ । युवापुस्तामाझ लोकप्रिय रहेको गायक दीपकको एल्बममा एकल शब्द तथा संगीत गर्न पाउँदा खुसी लागेको उत्तमजंगले बताए । उनले भने, 'म संगीत र गीत लेखनमा त्यति अनुभवी त होइन तर दीपकजस्ता गायकको एल्बम गर्न पाउँदा एकदमै खुसी लागेको छ ।'

एल्बममा किन जाली माया, के सम्झ्यौ, घुम्टो उघारी तिम्रो, हाम्रो चिनजान र म रंग हुँ बोलका पाँच गीत रहेका छन् । ती गीतमध्ये 'म रंग हुँ' गीतलाई केही समयअघि नै भिडियोमा रिलिज गरिएको थियो । अन्य गीतको पनि चाँडै भिडियो ल्याउने गायक दीपकले बताए ।



# गोर्खा सांस्कृतिक समाज सबैको साझा थलो



म्यूजिकखबर । गोरखा सांस्कृतिक समाजका अध्यक्ष दीपसागर थापाले सम्पूर्ण गोर्खाली एक आपसमा मिलेर अघि बढ्ने बताएका छन् । गोरखा सांस्कृतिक समाजको प्रथम साधरणसभा एवं बृहत वनभोज कार्यक्रमको अवसरमा बोल्दै थापाले गीतसंगीतको क्षेत्र क्रियाशील सम्पूर्ण संघसंस्था एवं गोरखा जिल्लाको नामसँग जोडिएर खोलएका समाजहरूसँग समन्वय गर्दै सम्पूर्ण गोर्खाली एउटै नेपाली बनाउँदै हातेमालो गर्दै अघि बढ्ने बताएका हुन् । थापाले गोरखा सांस्कृतिक समाज सबैको साझा थलोका रूपमा नेपाली कला संस्कृतिको क्षेत्रमा क्रियाशील रही अघि बढ्ने बताएका थिए ।

कार्यक्रममा उपस्थिति अतिथिहरूलाई समाजका वरिष्ठ उपाध्यक्ष सुमन पण्डितले स्वागत मन्तव्यबाट स्वागत गरेका थिए भने उपाध्यक्षद्वय गायिका मुना थापा र नायिका रञ्जिता गुरूङले खादा ओढाएर स्वागत गरेका थिए ।

कार्यक्रममा गीतकार संघ नेपालको नवनिर्वाचित कार्यसमितिले चुडामणि देवकोटा जस्तो गोर्खालीको नेतृत्व पाएकोमा खुशी व्यक्त गर्दै समाजले संघका सम्पूर्ण कार्यसमितिलाई मायाको चिनोसहित बधाई एवं शुभकामना थियो । त्यसैगरी नेपाल सांस्कृतिक संघका अध्यक्ष तीर्थ थापालाई मायाको चिनोसहित गोरखा सांस्कृतिक समाजले सफल कार्यकालको शुभकामना प्रदान गरिएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिहरू गोरखा समाज सेवा केन्द्रका अध्यक्ष महेश गुरूङ, संस्थाका, मेगा टेलिभिजनका प्रमुख बद्री पोखरेल, पर्यटन व्यवसायी गोपाल श्रेष्ठ, निरमाया रोधीघर युकेका धन गुरूङ, गण्डकी दोहोरी साँझकी संचालिका सरिता कार्की, नयाँ शक्ति नेपाल सांस्कृतिक विभाग गोरखाका संयोजक प्रकाश भट्ट, पत्रकार भीम श्रेष्ठ, गोधुली दोहोरी साँझका संचालक प्रेम श्रेष्ठ, सल्लाहकारहरू गीतकार विश्व देवकोटा, गायक विरही कार्की, गायक दीपक अर्याल, गायिका हरिमाया गुरूङ, व्यवसायी हरि मरहट्ठा, न्यूज २४ टीभीका सुशील अर्याल, लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी, राजनीतिक दलका नेताहरूको उपस्थिति रहेको थियो । गोरखा समाज सेवा केन्द्रका अध्यक्ष महेश गुरूङले कार्यक्रमलाई सम्बोधन गर्दै आफ्नो समाज र व्यक्तिगत तर्फबाट गोरखा सांस्कृतिक समाजसँग समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अतिथिहरूले कार्यक्रममा गोरखा सांस्कृतिक समाजले थालेको अभियानमा आर्थिक, भौतिक र बौद्धिक रूपमा सहकार्य गर्ने बताएका थिए ।

कार्यक्रम गायिका मुना थापाको संयोजकत्वमा वरिष्ठ उपाध्यक्ष सुमन पण्डित, कोषाध्यक्ष वीरबल ढकाल, सदस्य सुमन परियार, सुनिला गुरूङ, रविन लामिछानेको कार्यक्रम आयोजक समितिले कार्यक्रमलाई सम्पन्न गरेको थियो भने समाजका महासचिव सुनिल लामिछाने र सदस्य दिनेश थापाले कार्यक्रमलाई संचालन गरेका थिए । विभिन्न सांस्कृतिक कार्यक्रम गर्दै समाजको कार्यक्रम दिनभर संचालन भएको थियो । गायक प्रेम अर्याल, मौसम गुरूङ, सञ्जय गुरूङ, सुनिला गुरूङ, रविन लामिछाने, विन्दा परियार, रञ्जित परियार, गीता दाहाल, आशिष गुरूङ लगायतका कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए ।




# प्रस्तोताहरुलाई संयुक्त सम्मान




म्यूजिकखबर । पछिल्लो समय गीतसंगीतको क्षेत्रमा क्रियाशील कुनै पनि संस्थाले नयाँ कार्यसमिति पाउनासाथ सम्मान तथा बधाई दिनका लागि विभिन्न संघसंस्थामा बोलावट हुने गर्थ्यो । अब त्यो परम्परालाई तोडेर गीतसंगीतकै माउ संगठनका रूपमा परिचित संगीत रोयल्टी संकलन समाजले आफ्नै कार्यकक्षमा सबै संघ संस्था प्रतिनिधि बोलाएर प्रस्तोता समाज नेपालका नयाँ कार्यसमितिलाई शुभकामना तथा बधाईसहित मायाको चिनो प्रदान गरेका थिए ।


संगीत रोयल्टी संकलन समाजका तर्फबाट अध्यक्ष सुरेश अधिकारी लगायतका कार्यसमिति सदस्य, गीतकार संघ नेपालका तर्फबाट अध्यक्ष चुडामणि देवकोटा, महासचिव शुभ मुकारूङ, संगीतकार संघ नेपालका तर्फबाट उपाध्यक्ष शान्तिराम राई, उत्पादक समाज नेपालका तर्फबाट अध्यक्ष निर्मल ढकाल र महासचिव ईश्वर शिवाकोटी, संगीत उद्योग संघको तर्फबाट महासचिव खगेन्द्र याक्सो, सदस्य सुनिल लामिछाने र पूर्व अध्यक्ष भगवानकुमार श्रेष्ठ लगायतका संघसंस्थाका प्रतिनिधिहरूको उपस्थितिमा गायक तुलसी पराजुलीको नेतृत्वमा आएको प्रस्तोता समाज नेपालको कार्यसमितिलाई बधाई एवं सफल कार्यकालको शुभकामना प्रदान गरिएको थियो । बधाई कार्यक्रमसँगै एकै ठाउँमा भेला हुन पाएकोमा खुशी व्यक्त गर्दै पराजुलीले महिना दिनसम्म बधाई लिन जानुभन्दा सबै एकैठाउँमा भेला हुने वातावरणले एकातिर समयको बचत हुने र अर्कोतिर सबैको एकै उद्देश्य भएका कारण भेट भएर सोही बेला नै अन्तक्रिया र आगामी कार्यदिशाको बारेमा योजना तर्जुमा गर्न सजिलो हुने धारणा व्यक्त गरेका थिए ।

सबै संघसंस्थाको भेला भएका बेला रोयल्टी, नैतिक अधिकार लगायतका प्रतिलिपि अधिकारका बारेमा पनि छलफल गरिएको थियो । रोयल्टीको प्रगति विवरणका बारेमा संघसंस्थाबीच भएको यो छलफलले नयाँ कार्योजना र रणनीतिका बारेमा पनि बहस भएको थियो । सरकारी क्षेत्रबाट रोयल्टीका बारेमा भएको प्रगति विवरणमाथि अब कसरी अगाडि जान सकिन्छ भन्ने बारेमा बहससमेत भएको थियो ।

एकै उद्देश्य र एकै कार्यक्षेत्र भएका संघसंस्थाहरूको यो जमघटले गीतसंगीतको क्षेत्रमा नयाँ सोच र नयाँ योजनासहित अगाडि बढ्न सकिने वातावरण सिर्जना भएको देखिन्छ ।

## म्यूजिक खबर म्यूजिक अवार्डको आवेदन खुला

म्यूजिक खबर । छैटौं म्यूजिक खबर म्यूजिक अवार्ड २०१७ को आवेदन खुला गरिएको छ । विगत ५ अगाडिदेखि विभिन्न ३३ विधामा केन्द्रित रहेर आयोजना गरिँदै आएको यस अवार्डको छैटौं संस्करणको लागि गीतसंगीतका स्रष्टा र सिर्जनालाई मनोनयनको लागि आवेदन खुला गरिएको आयोजक संस्थाका कार्यक्रम संयोजक सबिता पोखरेलले जानकारी दिइन् ।




'स्तरीय एवं मौलिक संगीतको धार नेपाली गीतसंगीतको आधार' भन्ने मूल नारालाई आत्मसात गर्दै म्यूजिक खबर डटकमको आयोजनामा गरिँदै आइएको यस अवार्डमा लोकदोहोरी, पप, आधुनिक, राष्ट्रिय भावको गीत, चलचित्र लगायतका विभिन्न ३१ विधामा अवार्ड केन्द्रित रहने बताइएको छ । कार्यक्रम आगामी जेठमा राजधानीमा सम्पन्न गरिने कार्यक्रम संयोजक पोखरेलले बताइन् । अवार्डमा सहभागी हुने सिर्जना २०७३ बैशाखदेखि चैत मसान्तभित्र प्रकाशित भइसकेको हुनुपर्नेछ ।

गत वर्षहरूमा जस्तै यस वर्ष पनि गीतसंगीतको क्षेत्रमा आफ्नो जीवन समर्पण गर्दै आएका अग्रज संगीतकर्मीलाई दीर्घ साधना सम्मानबाट सम्मानित गरिनेछ भने बाल प्रतिभा, संगीत पत्रकार, डायस्पोरा सम्मानजस्ता सम्मानका कार्यक्रम गरेर स्रष्टाहरूलाई नयाँ सिर्जनाका लागि उत्प्रेरित गर्ने आयोजक संस्था म्यूजिक खबरले बताएका थियो ।

## ढकालले गरे श्रीमतीको प्रशंसा

म्यूजिकखबर । गायक रामकृष्ण ढकालले प्रेम दिवसलाई लक्षित गरेर सौन्दर्यको सिमाना नाघेकी, प्रकृतिलाई पनि चुनौती दिने श्रीमतीको युवतीको गुणगाण गरेका छन् । उनले 'श्रृङ्गारलाई पनि लाज लाग्ने, मदिरालाई मात लाग्ने, फूलले बास्ना सापटी माग्ने, चन्दनले छुँदा दाग लाग्ने १यस्तो को हो तिमी, यस्तो को हौ तिमी', भन्दै श्रीमती निलम ढकालको प्रशंषा गरेका छन् । विश्वका प्रेमील जोडीहरूका लागि महान दिन भ्यालेन्टाइनको विशेष अवसर पारेर विशिष्ट कलाकारहरू लगायत पत्रकारहरूलाई साक्षी राख्दै




उनले श्रीमती निलमलाई रातो गुलाफको फूल दिंदै 'आई लभ यू' भनेर सबैलाई रोमान्चित बनाएका थिए ।

प्रसंग हो नयाँ, रामकृष्णको नयाँ म्यूजिक भिडियोको । भ्यालेन्टाइन्स डेमा समर्पित भन्दै ढकालले नयाँ म्युजिक भिडियो प्रिमियर गरेका छन् । केएल टावरको एफक्यूबमा आयोजित कार्यक्रममा 'यस्तो को हौ तिमी...' बोलको गीत निकालेका उनले प्रिमियर समारोहमै श्रीमती निलमलाई गुलाफको फूल थमाएका हुन् । भिडियोमा निलमले नै अभिनय गरेकी छन् भने उनलाई मञ्चिन शाक्यले साथ दिएका छन् ।

कालिञ्चोकको हिउँमा खिचिएको भिडियोलाई निकेश खडकाले निर्देशन गरेका हुन् । गीतमा दावा गुरूङको संगीत र मनीष वशिष्ठका शब्द छन् । सुमित विश्वकर्माले संगीत संयोजन गरेको गीतलाई मंगलबार नै युट्युबमा पनि पोस्ट गरिएको छ । गायक ढकालले भ्यालेन्टाइन्स डेलाई नै लक्ष्य गरेर गीत निकालेको बताए । कार्यक्रममा संगीतकार शम्भुजित बाँस्कोटाले उनको स्वरको प्रशंसा गर्दै स्वररत्नको उपाधि दिए ।

**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

**प्रकाशक/सम्पादक**
सविता पोखरेल

**प्रधान सम्पादक**
सुमन बैरागी

**निर्देशक**
मिलन मोक्तान

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

**कार्यालय:**
पुतलीसडक, काठमाडौं ।
फोन: ०१-४०१०५४५,
musickhabar.com@gmail.com

**मुद्रण:**
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

## सम्पादकीय

# राजनीतिमोहमा कलाकार

हाम्रो कला जगत पछिल्लो समय राजनीतिमय बन्दै गएको छ । कलाकारहरू म यो पार्टीको र तँ यो पार्टीको भनेर झण्डा बोक्ने काम अहिले धेरै अगाडि बढेको देखिन्छ । हुन त पहिला पनि कलाकारहरू पार्टीको झण्डाबोकेर नहिंडेको भन्न खोजिएको होइन । तर केही सीमित कलाकारहरू त्यतिबेला झण्डा मुनी भएर काम गर्थे वा पार्टीको वकालत गर्थे । माओवादीको सशस्त्र युद्धले सत्ता र शान्तिको बाटो मोडेपछि माओवादीमा एक हुल कलाकार प्रवेश गरे । जहाँ राजावादी, पञ्चायती, कांग्रेस, राप्रपा, एमाले भनिनेहरू एकैचोटी खहरेको बाढी झैं होमिएका थिए । तर त्यहाँ उनीहरूको व्यक्तिगत स्वार्थ जोडिएको थियो । उनीहरू राजनीति भन्दा पनि अब मुलुकमा माओवादीको सत्ता आउँछ र केही ललीपपहरू बाँडिन्छन् या माओवादीबाट हुने झन्झटबाट जोगिन सकिन्छ भन्नेहरू धेरै थिए । मुलुकमा गणतन्त्र आएपछि भने चुनावी चहलपहलसँगै धेरै कलाकारहरूले फेरि रूप फेर्न थाले । माओवादी हुँ भनेर गएकाहरू घर फर्कन थाले र चुनावमा म पनि उम्मेदवार बन्नुपर्‍यो वा मन्त्रालयअनुसार मलाई त्यहाँ नियुक्ति दिनुपर्‍यो भन्न पनि पछि परेनन् । करिश्मा मानन्धर, नीर शाह, भुवन केसी, रेखा थापाहरूको रंग फेरियो । तर गायनको क्षेत्रमा भने एकाध व्यक्तिहरूले पार्टी परिवर्तन गरेको भेटिन्थ्यो ।

जेबी टुहुरे, खुशीराम पाख्रिन, माइला लामा, जीवन शर्मा, बद्री पंगेनी, चन्द्र शर्मा, कोमल वली, राधिका हमाल जस्ता गायक गायिकाहरूको राजनीतिक धरातल फरक फरक छ । कोही कम्युनिष्ट छन् त कोही प्रजातान्त्रिक विचार राख्ने गर्छन् । तर गायनकला भने छाडेका छैनन् र राजनीतिमा म यो हुँ भनेर देखिएका पनि थिएनन् । पछिल्लो समय एउटा वाढी आयो राप्रपा नेपाल हुँदै राप्रपा प्रवेश गर्नेहरूको । जहाँ उनीहरूको एजेन्डा मिल्यो, हिन्दूराज्य, राजासंस्था आदिइत्यादि । कोमल वली, रेखा थापा, मिलन मोक्तान, प्रदीप कुमार उदय, वेनिशा हमाल लगायतको एउटा ठूलो हुल राप्रपा प्रवेश गर्‍यो । कलाकारितामा एउटा उचाइ बनाएकाहरूले राजनीतिमा उचाइ खोज्दै गए । यो अवस्था देख्दा कलाकारिताको सेफल्याण्डिङ राजनीतिक हो कि भन्ने अनुमान पनि केहीमा लगाउन सकिन्छ । गायिका कोमल वली र रेखा थापा त राप्रपाको ऐतिहासिक एकता महाधिवेशनमा जित हासिल गर्न सफल भए । यसमा पनि गायिका वलीले बहुमत ल्याएर खुलातर्फ तेश्रो स्थानसमेत हासिल गरिन् । लोकप्रियताको हिसाबले वलीको चर्चा सधैं हुन्छ तर राजनीतिमा पनि प्रष्ट वक्ताको रूपमा आफूलाई उनले उभ्याउन सफल भएकी छन् । यो हिसाबले हेर्दा कलाकार राजनीतिमा प्रवेश हुनु कत्तिको जायज हो ? राजनीतिबिना मुलुक पनि चलेको छैन, मूलधारमा राजनीति छ तर कलासंस्कृतिलाई राज्यले हेर्ने दृष्टिकोण भने फरक छ । विदेशका प्राय देशमा हेर्‍यौं भने संस्कृति मन्त्रालय छुट्टै हुन्छ तर हाम्रो मुलुकसँग भने पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग जोडिएर संस्कृतिलाई वेवास्ता गरिएको देखिन्छ ।

संस्कृति भनेको मुलुकको संस्कार हो, माता हो । संस्कारमा हुर्किएको मान्छे नै पछि असल हुन्छ भन्ने कुरामा हाम्रो राजनीति अघि बढेको छैन । कलाकार भनेका गहना अर्थात् चाहिँदा प्रयोग गर्ने नचाहिँदा फ्याँकिदिने काममा प्रयोग गरिने हाम्रो चलन छ । तर कलाकार गहना होइनन् राष्ट्रका विभूति हुन् । कलाकारले राजनीति गर्नु उचित हो तर स्वार्थको राजनीतिक कि संस्कारको ? कलासंस्कृतिलाई शिर राखेर हिंड्न नसक्ने अनि विदेशी संस्कृति, विदेशी पोशाक, विदेशी भाषालाई हाम्रो बनाउन खोज्ने अहिलेको सरकारको प्रवृत्तिसँग ती कलाकारहरूले कस्तो भूमिका खेल्छन् । उनीहरूको राजनीति मोहले वास्तवमै कलासंस्कृतिको क्षेत्रमा उल्लेख्य भूमिका खेल्छ त ? अब सदनमा प्रवेश गर्दै गरेका यी कलाकारका नेताहरूले भोलिका हाम्रो संस्कृतिमा पाश्चात्य शैलीलाई अपनाउँछन् की मौलिकतालाई । कि हाम्रा नेताहरूले भनेजस्तो दौरासुरूवाल शोषकको पोशाक हो, नेपाली भाषा मातृभाषा हुनुहुन्न भनेर हिंड्छन् त्यहाँनेर पनि वली र थापाजस्ता कलाकारले के गर्लान् त ?

# १४ स्रष्टालाई नातिकाजी सम्मान



अमर स्रष्टा संगीतकार नातिकाजी श्रेष्ठको ९२ औं जन्मजयन्तीको अबसरमा १४ जना संगीतकर्मीहरूलाई नातिकाजी सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । राष्ट्रपति बिद्यादेबी भण्डारीले शितल निवासमा नातिकाजी स्मृति समाजले आयोजना गरेको कार्यक्रममा सम्मान तथा पुरस्कार प्रदान गरेकी हुन् । राष्ट्रपति भण्डारीले कार्यक्रममा भजन शिरोमणि भक्तराज आचार्यलाई २० हजार एक सय एक रूपैयाँ सहित नातिकाजी राष्ट्रिय बिशिष्ट सम्मान-२०७३ प्रदान गरिन् । सोही कार्यक्रममा राष्ट्रपति भण्डारीले संगीतकर्मीहरू कल्याण रिमाल, उर्मिला श्रेष्ठ, दीपक खरेल र ध्रुबेशचन्द्र रेग्मीलाई नातिकाजी राष्ट्रिय विशेष संगीत सम्मान-२०७३ प्रदान गरिन् ।

राष्ट्रपति भण्डारीले समाजका तर्फबाट जनही ११ हजार एक सय ११ रूपैयाँ सहितको 'नातिकाजी राष्ट्रिय संगीत पुरस्कार-२०७३' गीतकार रमण घिमिरे, सँगीतकार टिका भण्डारी, अमुल कार्की ढली, आलोक श्री, गायक रामकृष्ण ढकाल र गायिका देबिका बन्दना प्रधानलाई प्रदान गरिन् । बिदेशमा रहेर पनि नेपाली सँगीतमा योगदान पुर्‍याएको भन्दै एनआरएन चीनका डा. कल्याणराज शर्मा, एनआरएन जापानका चिरञ्जिबी थापा र डण्डपाणी कँडेल 'डि.बि.'लाई नातिकाजी स्मृति समाज योगदान सम्मान-२०७३ प्रदान गरियो ।

राष्ट्रपति भण्डारीले पुस्कृति श्रष्टालाई बधाई दिँदै विभिन्न राष्ट्रिय, सम्मानित तथा पुरस्कृति गरेको बताए । थुप्रै सँगीतकर्मीहरू अहिले गँभिर बिरामी रहेकाले उनीहरूको उपचारमा सरकारले सहयोग गर्नु पर्ने भनाई अध्यक्ष बासकोटाले कार्यक्रममा राखे । राष्ट्रप्रमुखको बिदेशमा हुने भ्रमणमा नेपाली कलाकारहरूलाई लैजाँनु पने पनि उनले राष्ट्रपति भण्डारीलाई स्मरण गराए । सम्मानित श्रष्टाबाट गीतकार रमण घिमिरेले नेपाली संगीत क्षेत्रमा पुर्‍याएको योदानबारे



लोक तथा सुगम गीतसँगीत सृजना गरेर गायक तथा संगीतकार नातिकाजीले नेपाललाई ठुलो गुण लगाएको बताईन् । बिधालय तथा विश्वविधालयका पाठ्यकममा नेपाली कला, संगीत, संस्कृतिलाई समेट्नु पर्ने राष्ट्रपति भण्डारीको भनाई थियो । नातिकाजी स्मृति समाजका अध्यक्ष एवं नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले नेपाली संगीत क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएकाले सँगीतकर्मीलाई नाजिकाजी स्मृति समाजले चर्चा गरे । गीतकार बिश्वम्भर प्याकुर्‍यारेलले संगीतकार नातिकाजी श्रेष्ठका बारे थप प्रकाश पारे । कार्यक्रम गायक रामकृष्ण ढकाल र गायिका देविका बन्दना प्रधानले नातिकाजीका गीत गाएका थिए । कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त, सदस्य सचिब गणेश रसिक, राष्ट्रकवि माधवप्रसाद घिमिरे लगायतको उपस्थिति थियो ।

# बोहरालाई फाउन्डेसनको सहयोग



नेपाली सांगीतिक क्षेत्रका चर्चित लोकदोहोरी गायक बिरही कार्कीद्वारा संचालित फुलमाया कार्की फाउन्डेसनको तर्फबाट केही बर्ष अगाडीदेखी उच्च रक्तचापको कारण बिरामी परेका लोक गायक सागर बोहोरालाई उपचारका लागि नेपाली रू १० हजार नगद सहयोग हस्तान्तरण भएको छ । संस्थाका अध्यक्ष समेत रहेका कार्कीले सहयोग गर्दै सामाजिक काममा आफु सधै समर्पित रहने र सगार बोहोरा जस्ता कैयौंको उद्धार हुन सकेको छैन, पीडितलाई फाउन्डेसनले सकेको सहयोग गर्ने बताए । कार्कीले सागर बोहोरालाई परि आएको खण्डमा फेरी सहयोग गर्ने आस्वासन दिँ फाउन्डेसनको तर्फबाट १० हजार सहयोग हस्तान्तरण गरेका हुन् । रकम बुझ्नको लागी समाजसेवी जुनु पुन र रेशम बोहोरा उपस्थित थिए । जुनुले नै सागर बोहोरालाई अस्पताल सम्म पुर्‍याएको र उपचार छिट्टै हुने भन्दै सागरले सगयोगी सवैलाई धन्यबाद दिएका थिए ।

राजधानी काठमाडौंमा रहेको ग्राण्डी अस्पतालको ३२२ नम्बरको बेडमा उपचार गरिरहेका सागर बोहोरालाई गायक बिरही कार्कीले भेटेपछि पुराना दिन सम्झँदै भनेको थिए- 'सागर के छ तेरो खबर ? चिनिस मलाइ ? सागरले भने 'अँ चिने नी त्यहि बिरही हैनस्, फूलमायाको छोरा, खुब राम्रो समाजसेवी भएको छस् है ! तेरो आमा प्रतिको माया देख्दा मेरो आँखा रसाउ, संगै बसेर गीत गाएको याद आउँछ बरू तैले भुलिस होला बिरही ! सागरले यसरी बोलिरहँदा अस्पतलमासागरलाई भेट्न आउने मानिसहरू समेत मौन रहे । सागर बोल्दा बोल्दै गीत गाउन पुगेछन् 'आमा तिमीले लगाएको चुरा फुट्दा खेरि ! यसरी सागर बोहोराले गीत गाउदा गाउँदै सागरको आँखा मात्रै रसाएन संगै सागरलाई सेवा गरिरहेकी समाजसेवी जुनु पुनको समेत आँखा आँशुले टिलपिल्ल भयो । बिरही पनि स्तब्ध रहे । एतिका मिठा बोल्ने ,सबैलाई सम्मान गर्ने सागर एक्कासी एस्तो अबस्थामा देख्दा बिरही पनि केहि समय अचम्मित त छँदै थिए र पनि बिरहीले सागरको स्थितिलाई मलम पट्टि नलगाई बस्न सकेनन् र फाउन्डेशनको तर्फबाट सहयोग गरे । सागरले त्यो बेला बोलेका थिए "फुलमाया फाउन्डेसन जसले बिरही कार्की जस्ता समाजसेवीलाइ जन्म दिए त्यस्तै तपाइँ सहयोगी मनले पनि मेरो उपचारमा थप सहयोग गरिदिनु हुनेछ ।

**नेपाल माइक्रो कम्पनी प्रा.लि.**
**टिकट काउन्टर**
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्क: ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

**प्रस्तोता समाज नेपालको अनुरोध**
गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।
**प्रस्तोता समाज नेपाल**
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोन: ०१-४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np



# सांगीतिक पृष्ठभूमिमा विवेकको राजनीति

सबिता पोखरेल/म्यूजिक खबर

कलालाई सम्मान गर्नु राजनीतिको दायित्व हो तर हाम्रो मुलुकमा यस्तो संस्कृतिको विकास भएकै छैन । विभिन्न पार्टीले कलकारहरू प्रयोग गर्छन् तर गहनाको रूपमा मात्र लिने गरेका छन् । चाहिँदा लगाउने र नचाहिँदा फुकालेर राख्ने गहना कलाकार बनाउने गरेका छन् राजनीतिक पार्टीले । तथापि पछिल्लो समयमा राजनीतिप्रति कलाकारहरूको आकर्षण बढेको पाइन्छ । यसै क्रममा नेपाली सञ्चार जगतदेखि सांगितिक जगतसम्म अत्यन्तै प्रतिष्ठित बनेकी कोमल वली राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरेर सर्वाधिक चर्चित बनिन् । गीतसंगीत, पत्रकारितामा लोकप्रिय सेलिब्रेटी बनेकी वलीले राप्रपाको ऐतिहासिक एकता महाधिवेशनमा खुलातर्फ सर्वाधिक मत ल्याएर तेश्रो स्थान हासिल गर्दा चर्चाले चुलियो उनको ३ महिने राजनीति यात्रा ।

### स्पष्टीकरणको ठाउँमा राजीनामा

रेडियो नेपालमा सुनिने 'यो रेडियो नेपाल हो, अब कोमल वलीबाट समाचार सुन्नुहोस्' यो मधुर आवाज आजकाल सुनिएको छैन र आइन्दा सुनिने पनि छैन । गत मंसिर ६ गते राप्रपामा प्रवेश गरेपछि ओलीलाई रेडियो नेपालले स्पष्टिकरण सोधेको थियो । राप्रपाको राजनीतिमा सक्रिय भएपछि राजनीति र जागिरमध्ये एक रोज्न उनलाई नैतिक दबाब परेको थियो । त्यसपछि उनले स्पष्टिकरणको साटो राजीनामा पत्र बुझाइन् । रेडियो नेपालबाट राजीनामा दिनुको कारणबारे उनले म्यूजिक खबरलाई भनिन्- 'पार्टी मार्फत राजनीतिमा सक्रिय भएर लाग्न रेडियो नेपालबाट राजीनामा दिएकी हुँ ।'

### सांगीतिक पृष्ठभूमिमा राजनीति

कक्षा ३ मा पढ्दादेखि नै गीत गाउन थालेकी कोमल वलीको स्वर र प्रस्तुतिको प्रशंसा जति गरे पनि सकिँदैन । गीत संगीतमा उनको गायनकला सँगै समाचारको वाचन शैलीबाट समेत राम्रो ख्याती कमाएकी वलीको राजनीतिक यात्रा लामो छैन । भलै राजनीतिक ज्ञान उनीसँग यथेष्ट होला । उनले गत मङ्सिर ६ गते राप्रपा नेपाल र राप्रपा पार्टी एकता सभामा औपचारिक रूपमा पार्टी प्रवेश गरेकी हुन् । अत्यन्त छोटो राजनीति यात्रा गरेकी कोमलले पार्टीको एकता महाधिवेसनमा पाएको मतले उनको लोकप्रियतालाई शिखरमा पुर्‍यायो । वर्षौं राजनीति गरेका चर्चित र लोकप्रिय हस्तिहरूलाई समेत खुलातर्फ प्रतिस्पर्धा गरेर पछाडि पारिदिइन् । गायिकाको परिचयले चिनिएकी कोमल यतिबेला राजनीति वृतकी नायिका नै बनेकी छिन् ।

### राप्रपामा अत्याधिक मत आउनुको कारण

कोमलले पार्टी प्रवेश गरेको ३ महिना मात्र भएता पनि उनी यो समाजमा योगदान दिएको लगभग २४/२५ वर्ष भइसकेको छ । पहिला दोहोरी गीतको क्षेत्रबाट उदाएकी उनलाई संगीतले नै राम्रो परिचय बनाइदियो । गायन प्रस्तुतिका लागि उनी गाउँ गाउँ गइन् । विदेशका थुप्रै ठाउँमा गइन् । जहाँ गए पनि राष्ट्रियताको कुरा, महिला शसक्तिको कुरा, छोरीलाई इमपावर गर्ने कुरा, आदि कुराहरूमा आवाज उठाउँदै आइरहेकी छिन् । फेरि, पत्रकारिता क्षेत्रमा पनि उनले जहाँ सरकारका कुरा जनतासम्म र जनताका कुरा सरकारसम्म पुर्‍याउने पुल भएर रेडियो नेपालमा काम गरिन् । त्यहाँ पनि उनको आवाज भिन्नै खालको थियो । अरूले पढेका समाचार कसले पढेको हो ठम्याउन निकै कठिन हुन्थ्यो तर उनले पढेको समाचार सुन्ने जो कोहिले पनि रेडियो नेपालबाट कोमल वलीले पढेको भनेर चिन्दथे । परिणामस्वरूप उनले आफ्नो नामलाई ३ करोड नेपालीको कानमा पुर्‍याउन सकिन् । यसैले रेडियो नेपालको लामो पत्रकारिताको अभ्यासले पनि उनलाई समाजमा परिचित हुनलाई, ठूलो योगदान गर्‍यो । राष्ट्रिय राजनीति, देशको व्यवस्था, समाजलाई परिवर्तन गर्ने कुराहरू, अन्तर्राष्ट्रिय राजनीति, नेपालको परराष्ट्र सम्बन्ध, अन्तर्राष्ट्रिय घटनाक्रमहरू लगायत हरेक कुराहरूको ज्ञान लिन पुगिन् । यस्ता यावत कुराहरूको ज्ञान हुनै पर्दछ कुनैपनि पत्रकारलाई । त्यो पत्रकारको प्रोफेसनालिज्म हो । रेडियो नेपालमा पत्रकारीताको कर्म गरिरहँदा, उनलाई पनि यि सबै कुराको ज्ञान लिन प्रेरणा मिल्यो । उसो त उनी राजनीतिशास्त्रको विद्यार्थी पनि हुन् । त्यसले गर्दा पनि उनलाई केही न केही रूपमा राजनीतिक ज्ञान थियो । १. राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकता रक्षाका लागि, २. अखण्डताको आधार, राजसंस्था र हिन्दु राष्ट्र निर्माणका लागि, ३. पार्टीको सुदृढ एकता, विकास र विस्तारका लागि, ४. आम नेपाली जनताको विकास र समृद्धिका लागि र ५. सु-संस्कृति, उन्नत र प्रजातान्त्रिक नेपालका लागि मेरो उम्मेद्वारी भन्दै उम्मेद्वारी दिएकी कोमललाई राप्रपाका प्रतिनिधिहरूले एउटी कुशल नेतृमा हुनुपर्ने थुप्रै गुण उनमा देखे । उनको उम्मेद्वारीलाई सहर्ष स्वीकार गरिदिए । अनि चुनावमा लगाईदिए उनकै नाममा छाप । यिनै कारणले राजनीतिक यात्राको छोटो दुरीमा सकारात्मक परिणाम आएको कुरा कोमलले बताइन् ।

### आरक्षण हैन खुला प्रतिस्पर्धामा विश्वास

पार्टीको महाधिवेसनमा मन्त्रीको पद सम्हालिसकेका महिलाहरू उम्मेद्वार हुनुहुन्थ्यो, जसले वर्षौं राजनीतिक आरोह अवरोहका भोगाई लिइसक्नु भएको थियो । राजनीतिकै वहश गरेका, राजनीति भाषण गरेका त्यस्ता थुप्रै स्थापित महिलाहरूले समेत महिला कोटामा उम्मेद्वारी दर्ता गराएका थिए । राप्रपाले १ सय ६३ सदस्यीय केन्द्रीय समितिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने गरी विधान तय गरेको पनि हो । उता स्टेजमा विशुद्ध मनोरञ्जन दिन उत्रिँदै आएकी, स्टुडियोमा समाचार पढ्दै आएकी कोमलले भने खुलातर्फ उम्मेद्वारी दर्ता गराइन् । उनको बुझाई छ -'जहाँ चुनौतिहरू स्वीकार गरिँदैन त्यहाँ मान्छेलाई सफलता प्राप्त हुँदैन । आरक्षणले देशलाई कहिल्यै पनि सम्बृद्ध बनाउन सकिँदैन । किनभने सक्षम मानिसहरू ठाउँमा ल्याउन सकिंदैन । आरक्षणले सक्षम मानिसहरूलाई छेकेर राखिदिन्छ । यसकारण हामीले राजनीति गर्ने हो भने, खुला प्रतिस्पर्धामा उत्रिन सक्नु पर्छ ।' उनलाई पनि केन्द्रीय नेताहरूले महिला कोटामा उठ्नुहोस् भन्ने सुझाव धेरैले दिए तर हार जित जे भएनी स्वीकार्ने मनसायले खुलातर्फ उम्मेद्वारी दिइन् । हार या जित जे भएनी स्वस्थ्य प्रतिस्पर्धामा राजनीति हुनुपर्छ ।

### अब राजनीतिमा कलाको सम्मान

राजनीतिले वर्षौंदेखि कलाकारहरूलाई प्रयोग गर्दै आएको छ । तर कोमल वलीलाई तथा अन्य कलाकारहरूलाई राप्रपाले प्रयोग मात्र गर्ने छैन, कलाकारहरूको उच्च सम्मान सहित राम्रो स्पेस पनि दिनेछ । उनी भन्छिन्-'यदि मेरो पार्टी अर्थात राप्रपा सत्तामा आयो भने कलाकारहरूले राज्यको उच्च सम्मान पाउनेछन् । नेपालको म्यूजिकको विकासका लागि राजा महेन्द्रको उच्च योगदान रहेको छ । जसरी हिजो राजाको पालामा नारायण गोपाल, तारादेवीले राज्यबाट सम्माउन पाउनु भएको थियो त्यसरी नै त्यो भन्दा उच्च सम्मान मेरो पार्टीले राज्य सत्ता सम्हालेको बखतमा गर्ने छ । संगीतकर्मी, खेलाडी, कलाकर्मी, साहित्यकारहरूले पुर्‍याएको योगदान स्वरूप राष्ट्रिय सम्मान राज्यले गर्नु पनि पर्दछ । चाहे म सत्तामा पूगौं या नपुगौं तर मेरो पार्टीले यो पहल गर्नेछ, यो मेरो ग्यारेण्टी हो । मोक्ष प्राप्तीका लागि संगीत सुनिन्छ । मनोरञ्जनदेखि शोक मनाउन पनि संगीतको प्रयोग गरिन्छ भने यसको उच्च मुल्यांकन हुन जरूरी छ । त्यो राप्रपाले गर्नेछ ।'

### राजनीतिक गन्तव्य

कोमलको राजनीति प्रथम महिला प्रधानमन्त्री बन्ने मिसन पो हो की ? धेरैको जिज्ञासा भएको छ । यस प्रसंगमा कोमलको उत्तर यस्तो छ 'समय अनुकुल भएमा, जनतामा प्रभाव पार्न सकेमा, पार्टीको निर्णय भएमा देशको प्रधानमन्त्री पनि बन्न नसकिने होइन । असम्भव भन्ने कुरा पनि त छैन नि । पार्टी र जनताले मलाई योग्य ठानेमा त्यो पनि स्वीकार्दछु, कोमलको उत्तर हुने गर्छ । 'प्रधानमन्त्री बन्न सक्षम पनि छु । तर त्यस्तो महत्वाकांक्षा ममा छैन । मेरो राजनीतिक गन्तव्य र लक्ष्य भनेकै राजनीतिका माध्यमले देश र जनताको सेवामामा आवद्ध हुनु हो । समाजसेवा गर्नु हो । राजनीतिक यात्रा गर्दै जाँदा, गन्तव्य समयले निर्धारण गर्नेछ ।'

### जीवन, प्रकृति र राजनीति उस्तै

जसरी जीवन र प्रकृति एकनास रहँदैन त्यसरी नै राजनीति पनि एकनाश हुँदैन । राजनीति भनेको परिवर्तनशील हुन्छ । एकदिनमा जसरी विहान, दिउँसो हुँदै साँझ हुन्छ त्यस्तै मान्छेको जीवन पनि बाल्यवस्था, युवावस्था हुँदै प्रौढअवस्था हुन्छ । सबै परिस्थितिको उतिकै महत्व हुन्छ । विहान घाम उदाउँदै दैनिकीको सुरूवात हुन्छ भने मध्य दिनको पनि महत्व हुन्छ । फेरि सन्ध्याको पनि उतिकै महत्व हुन्छ, हामी आ-आफ्नो निवास फर्कन्छौं । राती निदाउँछौं, शरिरलाई आराम दिन्छौं । हामीले विताउने एक दिनमा हरेक पलको उतिकै महत्व हुन्छ । त्यसरी नै हाम्रो जीवनका हरेक दिनको उतिकै महत्व हुन्छ । कतिपयले कोमललाई भन्नुहुन्छ तपाईंको उमेर ढल्क्यो । तर कोमलको बुझाई छ उमेर ढल्काउन पाउनु भनेको त धेरै सुखद कुरा हो नि । भाग्यमानी मानिसहरूले मात्र पाउँछन् यो अनुभव गर्न । युवा अवस्थाको जीवनमात्र जिवन होइन, ढल्कँदो उमेर पनि जीवनको महत्वपूर्ण समय हो । राजनीति र जीवन पनि त्यस्तै हो । यतिबेला मेरो राजनीति पनि विहानीको उदाउँदो घाम जस्तै छ । मैंले गायिका कोमल वलीको लोकप्रियता जोगाउने मात्र हैन, बढाउनु छ । लोकप्रियतालाई दिनको मध्यभागमा पूर्‍याउन बाँकी नै छ । जीवन, प्रकृति या राजनीति एकैनास रहिरहँदैन । आफूलाई स्थापित तथा लोकप्रियता बनाउनका लागि मेरो काम पनि चलायमान हुन पर्‍यो । कोमल वलीलाई जसरी अहिले चिन्नुहुन्छ, त्यो उसको कामलाई चिन्नु भएको हो । व्यक्ति त यहाँ ३ करोड नेपाली छन् कहाँ सबैलाई चिनेर सम्भव छ । त्यस्तै मैले कोमल वलीको लोकप्रियता जोगाउन तथा बढाउन लोकप्रिय नै काम गर्न सक्नुपर्छ । जनतासँग जाने एजेण्डा, जनतालाई पकडमा राख्न सक्ने मेरो क्षमता रहन्छ भने मसँग राजनीति रहन्छ, यदि यो रहँदैन भने मेरो राजनीतिले पनि विश्राम लिन्छ ।

### राप्रपा अर्थात् विवेकको राजनीति

राप्रपालाई कोमल वलीको जरूरत परेको हैन, कोमल वलीलाई चाहिँ राप्रपाको जरूरत परेको हो । जसलाई राष्ट्रको माया छ, उसले राप्रपा रोजेको छ । आजको परिवर्तनका लागि राष्ट्र र राष्ट्रियतालाई माया गर्नेहरूले, विवेकको राजनीति गर्नेहरू सबैले सोच्नुपर्छ- राजनीतिको स्वार्थीकर्मलाई यसैगरी अराजक छाड्ने कि अनुशासनमा ल्याउने ? अराजक राजनीतिले गन्तव्य समात्न सक्दैन र असल परिणाम आउँदैन । राप्रपामा अनुभवी र सुझबुझ भएका बौद्धिक नेताहरू भएकाले राजनीतिमा हुने विकृतिलाई हटाउन वा घटाउन सकियोस्, सकारात्मक कदम चाल्न सकियोस् भनेर नै राजनीति चक्रव्युहमा पसेकी हुन् उनी । अझ अध्यक्षको लिडिङ र पार्टीको विधान तथा नीतिले पनि उनलाई आकर्षित गर्‍यो । हिन्दुराज्य बनाउने र राजतन्त्रको पक्षमा वकालत गर्ने उनको व्यक्तिगत विचार पनि पार्टीसँग मिल्न गयो । कोमल भन्छिन् – 'विवेकको राजनीति गर्नुहोस्, स्वार्थ त्याग्नुहोस् । अवश्य देशले सकारात्मक गति लिनेछ ।' गरे हुने रैछ भन्ने कुरा कुलमानजीले यतिबेला सावित गराइदिनुभयो नि ! केहि न केहि त हामी भित्र छल कपट बैमानी रहेछ नि । यदि इमान भएमा त राम्रो प्रतिफल पाइने रैछ नि । लोडसेडिङ निर्मुल हुन ७ वर्ष लाग्छ, घटाउँदै लैजाने भनिएको थियो । आखिर एकाएक मुलुक नै विद्युतमय भएको छ त । हो, यसरी नै यस्तै राष्ट्रवादी सोच हरेक व्यक्तिमा हुनु पर्छ भन्ने नै मेरो मुल एजेण्डा हो ।

### अनिवार्य प्रश्न विवाह कहिले ?

कोमलले सबैभन्दा बढी सामना गर्नु परेको प्रश्न 'विवाह कहिले' ? हो । यो प्रश्न त उनको हरेक इन्टरभ्युमा अनिवार्य जस्तै बनेका छन् । चतुर वलीले तर सहज ढंगले संयोग मिल्यो भने भैहाल्छ भनेर टार्दै आएकी छिन् । निकै वसन्त काटिसक्दा पनि अविवाहित नै रहेकी सुन्दर वलीले बताइन् -विवाह सृष्टि सञ्चालनका लागि पनि नभै नहुने कुरा हो । सबै मानिसमा विवाह गर्ने चाहना भएन भने वैराग्य उत्पन्न हुनेछ । सबै तपस्वीहरू मात्र हुनेछन् । योगीहरू मात्र हुनेछन् । मानव उत्पादन नै बन्द हुनेछ । त्यसकारणले विवाह प्रति मेरो सोचाई सकारात्मक नै छ । तर सबैले विवाह गर्नैपर्छ भन्ने छैन । तर मेरो हकमा भने मेरो लक्ष्य नै फरक छ । त्यतातिर ध्यान नै गएको छैन । मेरो हकमा भन्नुहुन्छ भने ५० प्रतिशतले शुभेच्छुकहरूले सबै चिज गर्नुभयो अब विवाह गर्नुस् न भन्नुहुन्छ । विवाहको अनुभव लिनलाई सुझाव दिनुहुन्छ । भने मेरा आधाजसो शुभेच्छुकहरूले विवाह नगरेर साह्रै राम्रो गर्नुभयो भन्नुहुन्छ । उहाँहरूको विवाहप्रतिको अनुभवले मलाई यस्तो सुझाव दिनु भएको हो । विवाह पछिका उल्झनहरू, जीवनयापन गर्दाका चुनौतीहरूबाट विवाहित दम्पतीहरू दुखी भएको पनि पाएकी छु । मैले स्वतन्त्रताको भरपुर आनन्द लिएकी छु । सन्ततीका लागि सम्पत्ती भनेर मरिहत्ते गर्नु परेको छैन ।



तस्वीर: नवीन गुरुङ

राजु सिंहसँग सङ्गीतकारको कथा

# चस्माको पावरसँगै संगीत जवान भएको छ

म भावी पुस्ताहरुलाई यो भन्छु कि गीत चल्यो भन्दैमा खुशी नहुनु, खहरेजस्तो उर्लिनु मात्रै सफल होइन सदैव सुनिरहन सक्नुपर्छ स्रोताहरुले । कतिखेर आयो कतिखेर गयो थाहा नै नपाउने गरी गीतसंगीतको निर्माण हुँदा हामी नै बाँच्दैनौं ।



म संगीतकार बन्छु भनेर हिंडेको मान्छे होइन तर मलाई थाहा थियो संगीत र मानवको जीवन भनेको पर्यायबाची हुन्छ । दुःखमा नि संगीत चाहिन्छ, सुखमा नि संगीत चाहिन्छ । मेरो बुबा भगत सिंह संगीतकर्मी भए पनि मेरो उद्देश्यभ ने संगीतकार बन्छु भन्ने थिएन । तर बुबाले त्यो बेलाको परिवेशलाई हेरेर तँ संगीतकार बने पनि शिक्षित संगीतकार बन्नु भन्नुहुन्थ्यो । बुबाले नै भनेझैं म अहिले अध्ययनरत नै छु, एक दुईटा कलेजमा संगीतभन्दा बाहिरको विषय पनि पढाउने गर्छु । तर मलाई लाग्थ्यो म अन्तर्राष्ट्रियस्तरकै संगीत सिकेर आउँछु भन्ने । तर समयले मलाई संगीतकार बनाइदियो त्यसमा सम्पूर्ण स्रोता, मिडियाहरूको हात छ ।

संगीत पनि एउटा शिक्षा हो । शास्त्रीय संगीत भनेको शास्त्रमा रहेर प्रयोग गर्ने संगीत हो । हेरौं न विहानको लागि छुट्टै राग छ भने दिउँसोका लागि छुट्टै राग छ । संगीत र ऋतुको पनि सम्बन्ध छ भने छन्द र संगीतको पनि उस्तै सम्बन्ध छ । नवरसको पनि संगीतसँग राम्रो सम्बन्ध छ । पछिल्लो समय नाच्ने मात्र गीत बने बाँच्ने बनेन् । शब्द चयनको कुरा सबैभन्दा महत्वपूर्ण हो । पछिल्लो समय शब्दलाई प्रधान मानेर संगीत गर्ने संगीतकार एकदमै कम छन् । त्यो हेर्दा मेरो तीन दशकको सांगीतिक यात्रालाई शिक्षाले महत्वपूर्ण भूमिका खेलेको जस्तो लाग्छ । शिक्षाले भौतिक रूपमा भन्दा पनि बौद्धिक रूपमा गहनता बोकेको हुन्छ । संगीतको लागि शिक्षा अपरिहार्य छ । संगीतमा होल्ड गर्नेहरू शिक्षित भएकै कारण चर्चाको शिखरमा हुनुहुन्छ भन्ने मैले बुझेको छु । जस्तो प्रमोद खरेल एमएससी पढेर आउनुभएको हो, टीका भण्डारी लबाट युनिभर्सिटी टप भएर आउनुभयो यी उदाहरण मात्र हो । संगीतलाई सीमित मनोरञ्जनका रूपमा जसले लिन्छ उ त्यसमै रमाउँछ तर संगीतलाई दीर्घकालिन रूपमा लैजाने हो भने अध्ययनको जरूरी छ ।

मेरो पहिलो संगीत गरेको गीत गीतकार ज्ञानेन्द्र गदालज्यूको हो । म एक दर्जनभन्दा बढी बाजा बजाउन सक्छु । मैले बाजा बजाएको देखेर उहाँले तिमी बाजा मात्र बजाउने होइन राजु अब संगीत पनि गर्नुपर्छ भन्नु भयो । तिमी संगीतकार बनभ नेर उहाँले कहिँ कतै बोलको गीत दिनुभएको थियो । रत्ना बरालजीले गाउनुभयो । त्यो गीत नभएको भए सायद म कुनै बैंकमा जागिर खान्थें होला वा कुनै कलेजमा पढाइरहन्थें होला ।

म नेपालको भाग्यमानी संगीतकार हुँ । म पप संगीतबाट संगीतमा भित्रिएको हुँ । प्रतिबिम्व ब्याण्डबाट सांगीतिक करिअरलाई सुरूवात गरेको थिएँ । मैले पप, आधुनिक, लोक, पूर्वीय संगीतलाई राम्रोसँग गर्ने मौका पाएँ । म भर्सटायल म्यूजिक कम्पोजर हुँ । हरेक गीतलाई मैले न्याय दिएर गरेको छु । त्यसैले हरेक गीत मेरो पहिलो गीत हो । संगीत गरेका सबै उत्कृष्ट गीत हुन् मेरा लागि । तर मैले दुईचार वटा गीतलाई भने नाम लिनै पर्छ जसले मेरो जीवनमा टर्निङ प्वाइन्ट बनेर आएका हुन् । जस्तै रित्तो सडकमा, काँडा हो माया, नजरको दोषी बनी, तिमी नभए यहाँ, बादलहरू हो जस्ता दर्जनौं गीतहरूले मेरो नामलाई उचाइमा पुऱ्याइदिएको छ ।

म कहिल्यै पनि चेन्ज नहुने व्यक्तिका रूपमा छिमेकमा वा साथीभाइसँग चिनिँदै आएको छु । म पढाइमा पनि अब्बल नै थिएँ । काम गर्दा पनि मेरो लगाव हुन्छ । मैले गरेको काममा म देखिनुपर्छ भन्ने मान्यता मेरो हुन्छ । कुनै संगीत सुन्नेवित्तिकै यो राजु सिंहले गरेको संगीत भनेर छुट्टिएन भने त्यसको अर्थ हुँदैन । त्यसैले पनि म बाल्यकालदेखि नै टोलको प्यारो थिएँ । दर्जनभन्दा बढी बाजा बजाउन त्यतिबेलैदेखि सक्थें । पढाइमा पनि अब्बल, संगीतमा पनि अब्बल देखेपछि छिमेकीहरू भन्नुहुन्थ्यो– 'यो एउटा सफल व्यक्ति बन्छ ।' गायक दीप श्रेष्ठले मलाई भन्ने गर्नुहुन्थ्यो – राजुलाई जहिलेदेखि देखेँ सदाबहार देख्छु । फेरी मेरा शुभचिन्तक, स्रोताहरूले त्यो नबुझ्नु आफू मात्रै ठूलो कुरा गऱ्यो भनेर किनकी पहिला आफू राम्रो भयो भने संसार राम्रो हुन्छ भन्ने मान्यतामा आफूलाई मैले भर्सटायल बनाउन सकेको हुँ । मेरो संगीतभित्र तपाईंहरूको माया छ र मेरो मेहनत । अहिले पनि मेरो संगीतमा गर्न पाए हुन्थ्यो भन्ने भावी पुस्ता हुनुहुन्छ, त्यसले पनि मलाई झन् संगीतको जवानीमा धकेलिरहेको छ । मेरो चस्माको पावर बढ्दै जाँदा संगीतमा जवानी बढ्दै गएको छ ।

म सधैं कर्तव्य नभुल्ने मान्छे हुँ । एउटा गीतको शब्दमा धेरै समय डुब्न सकैं भने कम्पोज बन्न सक्छ । धेरैले भन्ने गर्नुहुन्छ मैले १० मिनेटमै संगीत गरे तर त्यो शक्ति मलाई किन दिनुभएन भगवानले भन्ने लाग्छ । म गीत हेर्दैमा हप्तौं दिन बिताउँछु अनि सोच्छु त्यो गीतमा राजु सिंह देखिन्छ कि देखिँदैन भनेर । म धेरै समय लगाउने संगीतकार हुँ जस्तो लाग्छ । यति भन्दै गर्दा अन्य संगीतकार हरूलाई पनि यो भन्छु कि सस्तो राम्रो गुलियो मिठो एकै ठाउँ हुँदैन । गीतमा क्वालिटी हुनुपर्छ । कति गायक गायिकाहरू हामीले अनुहार नै देख्न पाएका हुँदैनौं तर उहाँहरूका गीतसंगीत हामी सुनेर सिकिरहेका छौं । त्यो कुरा अहिलेका गायकगायिकाहरूले बुझ्न जरूरी छ । जीवनलाई भाग्य र कर्मसँग विश्वास गर्दै सहज बनाउन जान्नु पर्छ । म पनि त्यही बाटोमा छु, स्रोताहरूको माया र विश्वासले यो स्थान पाउन सफल भएको हुँजस्तो लाग्छ ।

पछिल्लो समय कतिपय संगीतकारलाई एरेन्जर, गायक, गीतकार वा प्रविधिले संगीतकार बनाइदिएको छ । एउटा सफल संगीतकार जो हो उसले स्रोतालाई बोकेर हिंड्नुपर्छ । केही सफल संगीतकार पनि हुनुहुन्छ तर प्रविधिको प्रयोगमा हुने संगीतकार भन्दा शिक्षित बनेर संगीतका ज्ञान लिनु राम्रो हो । पछिल्लो समय धेरै संगीतकर्मी लक्ष्मी र सरस्वतिको द्वन्द्वमा फस्नुभएको छ । वास्तवमा सरस्वतीको भक्तले त्यस्ता कुराबाट विचलित हुन हुन्न । सरस्वतीको पूजा गर्दै जानु लक्ष्मी पनि पछिपछि आइरहेकी हुन्छिन् । स्रोता दर्शकको चाहना, समयको माग भनेर संगीतकार, गीतकारले गीतसंगीतलाई बिगार्न हुँदैन । गीतसंगीतभित्र आफूलाई देख्न सक्नुपर्छ, त्यो नै बाँच्ने गीत बन्छ । संगीत बिगारेर समयलाई दोष दिनेहरूलाई इतिहासले पनि माफी दिँदैन । संगीत भनेको सिकेरै आउनुपर्छ, यसमा खेलाँची गर्ने ठाउँ नै छैन । हामीले अग्रजका गीत सुनेर आफूलाई त्यो ठाउँमा पुऱ्याउन सक्नुपर्छ । म भावी पुस्ताहरूलाई यो भन्छु कि गीत चल्यो भन्दैमा खुशी नहुनु, खहरेजस्तो उर्लिनु मात्रै सफल होइन सदैव सुनिरहन सक्नुपर्छ स्रोताहरूले । कतिखेर आयो कतिखेर गयो थाहा नै नपाउने गरी गीतसंगीतको निर्माण हुँदा हामी नै बाँच्दैनौं ।

हामीले जग नै बलियो बनाउनुपर्छ । नेपालमा प्राथमिक शिक्षादेखि नै संगीतको पाठ्यक्रम हुनुपर्छ । बेला बेलामा यो कुरा उठेको पनि तर सिकाउने शिक्षकको अभावमा पाठ्यक्रम बन्न सकेको छैन । धेरै मिटिङ भए तर शिक्षकको अभावका कारण पाठ्यक्रम बन्न सकेको देखियो । अब त्यो अवस्था निर्माण गर्न हामी संगीतकारहरूले संगीतको राम्रो ज्ञान लिँदा हाम्रा सन्तति पनि राम्रा बन्न सक्ने रहेछन् भन्ने सोचेको छु ।

*–सुमन पण्डितसँगको कुराकानीमा आधारित*














## दुर्गा खरेल, गायिका

तस्वीरः महेश प्रधान

गायन क्षेत्रको रियालिटी शो 'नेपाली तारा'को पहिलो संस्करण उत्कृष्ट दशभित्र पर्न सफल भएसँगै सांगीतिक क्षेत्रमा उनको यात्रा सुरू भएको हो । छुट्छ कि साथ टुट्छकी नाता बोलको गीतबाट चर्चामा आएकी गायिका हुन् दुर्गा खरेल । चलचित्र दिलमायाको उक्त गीतसँगै आफ्नो यात्रालाई उचाइमा पुऱ्याएकी गायिका खरेलले आफ्नो पहिलो एल्बम दिल बजारमा ल्याएकी थिइन् । चलचित्रका केही गीतमा स्वर दिँदादिँदै उनले केही पप एवं आधुनिक गीतका कलेक्सन एल्बमहरूमा पनि गाउन पुगिन् । रिमझिम रिमझिम, बरू यो ज्यानको बाजी, बाचा त गरैं जस्ता गीतमात्र होइन गत वर्षमात्रै 'युग' एल्बम बजारमा ल्याएकी गायिका खरेलले सोही एल्बमको काले काले बोलको गीतबाट म्यूजिक खबर म्यूजिक अवार्ड समेत चुम्न सफल भइन् भने संचारमाध्यममा पनि सोही गीतका माध्यमले उनको चर्चा पुनः चुलिन पुग्यो ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

### खरेलको दुर्गामाण्डौ

म्यूजिक खबर । सुदूरपश्चिममा व्याप्त महिला हिंसा र कुरितीमा आधारित भएर लेखिएको पुस्तक दुर्गामाण्डौं विमोचन गरिएको छ । जनसंख्या तथा वातावरण मन्त्री जयदेव जोशीले उक्त पुस्तक संगै त्यसै घटनामा आधारित रहेर तयार पारिएको ४८ मिनेट लामो लघुचलचित्रको पनि प्रथम प्रदर्शनी गरिएको छ ।

पत्रकार तथा चलचित्रकर्मी माधव राज खरेलद्वारा लिखित तथा पत्रकार नवराज दुवाडीद्वरा सम्पादित उक्त पुस्तकमा सुदूरपश्चिमको डोटी जिल्लामा रहेको दुर्गामाण्डौं




गाउँको घटनालाई प्रतिनिधि घटना बनाई उक्त पुस्तक तयार पारिएको हो । साथै उक्त विषयमै आधारित लघुचलचित्र पनि उनै माधव राज खरेलले नै निर्माण तथा निर्देशन गरेका हुन ।

वरिष्ठ चलचित्रकर्मी तथा गीतकार यादव खरेल, चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रिय तथा सुदूरपश्चिमबाटै प्रतिनिधित्व गर्ने नेकपा एमालेमा सांसद गरिमा शाह लगाएतको उपस्थितीमा उक्त कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा वरिष्ठ संचारकर्मी एवं गीतकार भरत बमजन, नायक श्रीदेव भट्टराई, पत्रकार रन्जित धमला, समाजसेवी सविता उप्रेती, नायिका सानिया खान, पत्रकार कमला जोशी, कलाकारहरू तारा याक्खा, गंगा भुजेल, मिन बहादुर बोहोरा लगाएतका व्यक्तित्वहरूलाई समेत सम्मान एवं कदर पत्र प्रदान गरिएको थियो । एक जना दुर्गा भन्ने पात्र मार्फत सुदूरपश्चिममा हुने महिला माथिको हिंसा, छाउपडी प्रथा तथा एकल महिला माथि हुने दुर्व्यवहारलाई पुस्तक र लघुचलचित्र मार्फत प्रस्तुत गरिएको लेखक माधव खरेलले जानकारी दिए ।

### भाग्यले बाँचेकाहरुलाई अवार्ड




नेपाली बृत्तचित्र 'भाग्यले बाँचेकाहरू'ले फेरि अन्तर्राष्ट्रिय अवार्ड जितेको छ । भारत बिहार राज्यको पटनामा सम्पन्न बोधिसत्व अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा 'भाग्यले बाँचेकाहरू'ले अन्तर्राष्ट्रिय डकुमेन्ट्री बिधामा 'बोधिसत्व सिल्भर अवार्ड' जितेको हो । पटनामा आयोजित अवार्ड समारोहमा 'भाग्यले बाँचेकाहरू'का जुरी अध्यक्ष गोविन्द निहालनीले निर्देशक गणेश पाण्डे र निर्मात्री शारदा गैरेलाई सिल्भर अवार्डसहित ५० हजार भारतीय रूपैयाँ (नेपाली ८० हजार) ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो ।

संसारभरका ७ सय ३० वटा डकुमेन्ट्रीमध्ये प्रतिस्पर्धाका लागि ९ बृत्तचित्र छानिएका थिए । त्यसमध्ये भाग्यले बाँचेकाहरूले दोस्रो स्थान हासिल गरेको चलचित्र महोत्सवका निर्देशक पंकज श्रेयस्करले घोषणा गरेका थिए । 'भाग्यले बाँचेकाहरू'का निर्देशक गणेश पाण्डेले एकपछि अर्को अवार्ड प्राप्त भएकोमा खुसी व्यक्त गर्दै यसले अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको शान उच्च भएको बताए ।

# बुटवलकी युवतीले हातै काटेर मेरो नाम लेखिन्



बुटवलबाट एकजना केटीले हात काटेर मेरो नाम लेखेर म्यासेन्जरमा पठाउकी थिईन् । त्यसपछि अरूले देखाएरै त्यसो गर्नु भएको छैन् । फ्यानले थुप्रै गिफ्ट दिएका छन् । घरको एउटा रूम नै फ्यानको गिफ्टले भरिन थालेको छ ।

राधिका अधिकारी/म्यूजिकखबर

पश्चिम नेपालको दाङबाट कलेज पढ्न राजधानी छिरेको एउटा ठिटो, जसको काठमाडौं प्रवेशको एउटा मात्रै उद्देश्य थियो– राम्रो पढ्नु । पढ्ने बाहेक अर्को सपना नबोकी राजधानी प्रवेश गरेका पल शाहलाई समयले अहिले नायक बनाएको छ । उनी यो समयका सबैभन्दा धेरै फ्यानको माया पाउँने कलाकार भित्र पर्छन् । उनै पल शाहसँग म्यूजिक खबरका लागि राधिका अधिकारीले फ्यान सम्बाद गरेकी छिन् ।

**दुबईमा फुलसँगै प्रेम पत्र**

म धेरै स्टेज कार्यक्रममा जान्न । पछिल्लो समय अवार्ड कार्यक्रममा जाने क्रम बढेको छ । पछिल्लो समय म नेफ्टा अवार्डका लागि दुबई गएको थिएँ । दुबईको कार्यक्रममा ओमनबाट मलाई हेर्न मात्रै भन्दै बच्चा लिएर आएका थिए । त्यहाँ थुप्रै फ्यान आउनु भएको थियो । त्यहि ग्रुपमा आउनु भएका युवतीहरूले फुलका् गुच्छा दिनु भयो । त्यहाँ सँगै थिए 'आइ लभ यु पल' लेखिएका प्रेम पत्र पनि ।

**रुँदै माया**

मलाई फलो गर्ने धेरै फ्यानहरू छन् । सामाजिक सञ्जालदेखि कार्यक्रम र सुटिङ् स्पटसम्म नै । विशेष गरेर युवती फ्यान धेरै छन् । सामाजिक सञ्जालमा थुप्रै युवती फ्यानले प्रेम र विवाहका प्रस्ताव राख्छन् । पहिला त अलि फुर्सद थियो, सम्झाउँथे, उनीहरूलाई प्रतिकृया दिन्थे । अहिले अलि ब्यस्त भैयो, सबैलाई रेस्पोन्स गर्न पाउँदिन । तर, विवाहको प्रस्ताव आइरहेका हुन्छन् । कार्यक्रममा धेरै हुटिङ् गर्नु हुन्छ । कतिपय त 'ओ माई गड् पल' भन्दै रूनुहुन्छ ।

**सुटिङ स्पट मै रुवाबासी**

गोदावरीमा एउटा म्यूजिक भिडियोको सुटिङमा थिएँ । करिब ९/१० पढ्ने एक जना युवती आईन् । उनले आँखाभरी आँसु पारेर रूदै पल दाइ प्लिज मलाई फेसबुकमा रिक्वेस्ट पठाउनु न भनिन् । त्यो सुटिङभरी उनी मेरो वरिपरि घुमिरहिन । पाईन्ट टिसर्ट लगाएकी थिईन् । उनी निक्कै रोएकी थिईन् । पछि घर आएर उनको नाम सर्च पनि गरे । तर उनले भनेको नाम फेला पारिन् । अहिले नाम बिर्सिए तर खुब सम्झिन्छु उनलाई । उनको आँखाभरीको आँसु, माया लाग्दो बोली अहिले पनि मिस गर्छु । मेरी ति फ्यानलाई भेट्न मन लाग्छ कहिलेकहिँ तर उनको नाम पनि बिर्सिए । उनी न मसँग सामाजिक सञ्जालमा जोडिएकी छिन् कि ?

**भ्वाईस म्यासेज नगरे मर्छु भन्ने भ्यान**

मेरो युवा भन्दा युवती फ्यान धेरै हुनुहुन्छ । कतिपय युवतीका श्रीमानले आफ्नी श्रीमती मेरो फ्यान भएको छ विशेष दिन पारेर शुभकामना दिन आग्रह गर्छन् । केहि समय अघि दार्जीलिङबाट निखिता देवान भन्ने फ्यानले आफूलाई क्यान्सर भएको र मेरो बोली सुन्न मन लागेको भनेर म्यसेन्जरमा म्यासेज गरिन् । उनले आफूलाई क्यान्सर भएको र मैले भ्वाईस म्यासेज नगरे मर्छु भनेकी थिईन् । मैले पनि माया लाग्यो अनि 'गेट् वेल सुन, आफ्नो ख्याल गर' भनेर भ्वाईस् म्यासेज पठाएँ । तर, पछि थाहा भयो उनलाई क्यान्सर भएको हैन रहेछ । क्यान्सर छ भनेपछि मैले रिप्लाई गर्छु भनेर उनले म सँग झुट बोलेकी रहिछन् । पछि सरि भनेर माफी मागिन् ।

**हात काटेर नाम लेख्ने बुटवलकी भ्यान**

२ वर्ष अघिको कुरा हो । बुटवलबाट एकजना केटीले हात काटेर मेरो नाम लेखेर म्यासेन्जरमा पठाउकी थिईन् । त्यसपछि अरूले देखाएरै त्यसो गर्नु भएको छैन् । फ्यानले थुप्रै गिफ्ट दिएका छन् । घरको एउटा रूम नै फ्यानको गिफ्टले भरिन थालेको छ । बहुमुल्य सामान पनि धेरै छ तर फुल र पर्फ्युम प्रिय लाग्छन् ।

**विदेशी भ्यान**

श्रीलंका र भुटानका नागरिक पनि मेरा फ्यान छन् । धेरै सम्झेर म्यासेज गर्छन् । श्रीलंकाको एक जना फ्यानले भेट्न निक्कै आग्रह गरेका छन् । तर, भेट्न पाएको छैन् । भेट्ने मन छ ।

**नामै परिवर्तन**

मेरा फ्यान यति धेरै म प्रति क्रेजी हुनुहुन्छ नी कहिलेकहि त डर लाग्छ उहाँहरूको मायाप्रति न्याय गर्न सक्दिन की भनेर । बुटवलकी आश्था शर्मा र भक्तपुरकी निखिताले फलो गर्नु भएको लामो समय भैसक्यो । उनीहरूले असाध्यै धेरै माया गर्छन् । अशोक क्षेत्री लगायतका धेरै साथीले फेसबुकमा पनि आफ्नो नामको पछाडी मेरो नाम लेखेका छन् ।

# बैशाख २८ मा डी सिने अवार्ड, हेटौंडामा हुने

म्यूजिक खबर

विगत नौं वर्षदेखि नियमित रूपमा आयोजना गरिदैं आएको डि सिने अवार्ड बैशाख २८ हुने घोषणा गरिएको छ । गत पर्यटकीय नगरी पोखरामा सम्पन्न भएको यो अवार्ड यसपटक हेटौंडामा आयोजना गरिने भएको छ । ७ वर्ष सम्म नियमित रूपमा काठमाडौंमा आयोजना गरिदैं आएको डि सिने अवार्डले आठौं संस्करणबाट मोफसलका अन्य शहरहरूमा आयोजना गर्दै चलचित्र पर्यटनलाई बढावा दिएको छ ।




खासगरी डिजिटल फर्म्याटलाई आधार मानेर प्रारम्भ गरिएको डि सिने अवार्ड नेपालमा आयोजना गरिने अवार्डहरूमा प्रतिष्ठित मानिन्छ । अवार्डलाई पूर्णरूपमा सफल एवं भव्य बनाउनका लागि डि सिने अवार्डका अध्यक्ष शान्तिप्रिय एवं कार्यक्रम संयोजक मणीराज गौतम हेटौंडा पुगेर अवार्डको व्यवस्थापनका लागि समिति गठन गरेर फर्केका छन् । अवार्डका लागि स्थानिय संयोजन समितिको संयोजकमा शुशान्त श्रेष्ठ रहेका छन् भने समितिको सल्लाहकारमा निर्माता/वितरक एवं प्रदर्शक नरेन्द्र महर्जन र पत्रकार उज्ज्वल चौलागाई रहेका छन् । त्यस्तै समिति सदस्यहरूमा कपिल खड्का, श्रीराम दाहाल, सविन न्यौपाने, गणेश दर्पण अधिकारी आदि रहेका छन् । केन्द्रिय समिति एवं स्थानिय समितिको संयोजनमा अवार्ड भव्य रूपमा आयोजना गरिने स्थानिय संयोजक शुशान्त श्रेष्ठले बताए । हेटौंडामा यसरी अवार्ड आयोजना गरिनु हेटौंडाबासीका लागि पनि गौरवको विषय भएकोले यसको सफलता हेटौंडाको प्रतिष्ठासँग गाँसिएको सल्लाहकार नरेन्द्र महर्जनले छलफल कार्यक्रममा बताए ।

त्यस्तै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्षले हेटौंडामा यसरी धेरै भन्दा धेरै कलाकर्मी ल्याइनु हेटौंडेलीका लागि पनि खुशीको कुरा भएको बताए । डि सिने अवार्डका संयोजक मणीराज गौतमले अवार्ड नियमित श्रृंखला भएपनि हेटौंडामा थप स्मरणीय रूपमा सम्पन्न गरिने बताए । अवार्ड अध्यक्ष शान्तिप्रियले अरूले नेपाली अवार्डलाई विदेशतिर लग्न थालेको भएपनि आफूचाही देशकै विभिन्न भागमा दर्शकमाझ नियमित रूपमा जाने र यसै क्रममा पोखरापछि हेटौंडा आएको बताए ।

अवार्ड ओम चलचित्र मन्दिर हेटौंडामा बैशाख २८ गते आयोजना गरिने तय भएको आयोजक संस्था छायाँछविले बताएको छ ।

त्यस्तै नवौं डि सिने अवार्ड ०७४ का लागि चलचित्र दर्ता आव्हान गरिएको छ । ०७३ बैशाख १ गतेदेखि चैत्र मसान्तसम्म प्रदर्शनमा आएका चलचित्रहरू दर्ता गर्न छायाँछविले आग्रह गरेको छ । छायाँछविले चैत्र २५ सम्म दर्ता म्याद तोकेको छ ।







# गीत संगीतमा लागेर सत्रुलाई मित्रको रूपमा पाएँ

## मौसम गुरुङ, गायक

मलाई गीत संगीतले मेरो आफ्नै ब्यबसयमा धेरै टेवा पुगेको छ । म कति विदेशी पर्यटकहरुलाई आफ्नो सिर्जना सुनाउने पनि गर्छु, जसले नेपाली गीतसंगीतलाई चिनाउने मौका मिलेको छ जस्तो लाग्छ । कलाकार हुनुमा गर्व लाग्छ र व्यवसाय र संगीत दुवै मेरो कर्म हो ।

*तपाईंको गायन यात्राको सुरुवात कसरी सुरु भयो ?*

म सानैदेखि गीतसंगीत भनेपछि खान नै नचाहिने खालको थिएँ । सानोमा स्कुलमा अथवा गाउँघरतिर हुने कार्यक्रम खुब गीत गाउने गर्थें र सबैले भन्नु हुन्थ्यो यस्तो मिठो स्वर छ रेडियोमा गएर गीत गाउ न । मलाई पनि त्यस्तो हुन पाए त कस्तो हुन्थ्यो होला भन्ने लाग्थ्यो । मनमा ठुला ठुला सपना सजाउँथें अनि रेडियोमा बजेको गीतहरूको नक्कल गरेर गाउँथें । सबैको हौसला पाउँथें र त्यहि सपना मनमा बोकेर गाउँ छोडेर जहाँ गएपनि जुन अवस्थामा रहे पनि सपना चाहिँ त्यहि रेडियोमा गीत गाउने सपना थियो । दुई चार पैसा संगालेर एल्बम गर्ने सोच राखेँ र एल्बम पनि गरें । पहिलो पल्ट २०५९ सालतिर मुन्लाइट्स रेकर्ड्स मार्फत् 'फेवा तालैमा म हरेस खाइ सकें माया जालैमा' भन्ने गीत निकालें । मनमा अब रहर पूरा होलाजस्तो लागेको थियो तर सोचेजस्तो भएन पछि विदेशतिर लागियो ।

*त्यसो भए गीत नचलेपछि विदेश जानुभएको हो ?*

त्यस्तो त होइन, गीत नचल्नुमा कम्पनीको कमजोरीको कारण थियो । मलाई कम्पनीले धोका दियो गीत टेलिभिजनमा बजाइदिन्छु भनेर पैसा दिएँ, भिडियो पनि गरेँ त्यसपछि कम्पनी मालिक अमेरिकातिर पलायन हुनु भयो । त्यसपछि मलाई आर्थिक कमजोरीले सतायो । एल्बम गर्न सकिएन । गाउन त गाएँ ४.५ ओटा त्यति सफल हुन सकेन । त्यतिबेला साइड ए र बी हुने गर्थ्यो । बी साइडमा गाउन बल्ल पाइन्थ्यो त्यहि पनि भिडियो हुँदैनथ्यो । अनि मलाई पनि आर्थिक अभावले खिच्दै गएपछि बिदेशिन बाध्य बनायो ।

*विदेशबाट फर्किएपछि मात्र चर्चा पाउन सफल हुनुभयो नि ?*

हजुर विदेशबाट फर्केपछि धेरै कुराहरू सिक्न भ्याइसकेको थिएँ । गीतसंगीतको बारेमा नि धेरै थोरै अनुभव भइसकेको थियो । अलि चलेको कलाकार हरूको पनि राम्रै साथ पाएको थिएँ । त्यसले गर्दा दर्शक स्रोताको मन जित्न सफल भएँ भन्नु पर्छ ।

*विदेशमा रहँदा संगीतको अवस्था कस्तो पाउनुभयो ?*

मलाई त यहाँ भन्दा पनि विदेशमा नेपालीहरूको गीत संगीत प्रतिको मोह बढी देखें । नेपालीमन र नेपालीपन विदेशमा धेरै देखिन्छ ।

*गीतसंगीतको क्षेत्र समग्रमा कस्तो पाउनुभएको छ ?*

म त खुसी नै छु । सबैले मेरा गीतसंगीत मनपराइदिनुभएको छ । जिन्दगी रमाइलो नै छ, सन्तुष्टि मिलेकै छ ।

*गायक भनेर चिनिँदै गर्दा कस्तो महसुस हुन्छ ?*

मैले त सोचेको पनि थिइनँ, दर्शक श्रोताले मेरो सिर्जनालाई मनपराइदिनुहोला भनेर । मेरो कला गलालाई यत्तिको स्थान दिनुहुन्छ भन्ने सोचेको पनि थिइनँ । आज एकदमै छु अनि सधैं यस्तै खुसी हुन पाउँ भनी भगवानसँग प्राथना गरिरहेको छु ।

*सांगीतिक क्षेत्रमा लागेर के पाउनुभयो ?*

गीत संगीतमा लागेर सबैभन्दा त सत्रुलाई मित्रको रूपमा पाएँ । हिजो छि छि भन्नेले आज आफै अँगालो हाल्न आउनु हुन्छ । अनि धेरै साथी पाएँ, दर्शक स्रोता पाए, सबैले मन पराइदिनुभयो जसले गर्दा ६ वटा राष्ट्रिय अवार्ड पनि पाउन सफल भएँ ।

*यो क्षेत्रमा लागेर कुनै चिज गुमाएको जस्तो लाग्दैन ?*

गुमको त खासै छैन तैपनि आफू त पर्यटन ब्यबसायी भएको हुनाले पर्यटकको भने जस्तो स्वागतमा खट्न सकिरहेको छैन । गीतसंगीतबाट धेरै पाएँ तर व्यवसायमा भने सोचेजस्तो गर्न नसकेको जस्तो लागेको छ ।

*कस्ता खालका गीत मन पराउनुहुन्छ ?*

मलाई मौलिक, वियोगान्त, दु:खको गीतहरू बढी मन पर्छ किनकि म आफू पनि दु:खमै हुर्केको हुनाले दु:खको गीत गाउन र सुन्न मन पर्छ ।

*मनपर्ने गायक गायिका नाम लिनुपर्दा ?*

मलाई मनपर्ने लोकगायक खड्ग गर्बुजा दाई र गायिका बिमा कुमारी दिदी हो । सानैदेखि उहाँहरूकै गीत गुनगुनाउने गर्थें त्यसैले उहाँहरू मेरो पाठशाला हुनुहुन्छ ।

*मनपर्ने गीत कुन हो ?*

मैले गाएको गीत मध्येमा 'एउटा राम्रो बाटो देखाई देउ कि त भगवान मलाई नै मरिदेउ कि त उसको झल्को मेटाई देउ' जुन गीतमा स्वरमा कालिका रोकाजी मलाई साथ दिनुभएको थियो भने शब्द गायिका कल्पना काफ्लेजीको रहेको थियो । यसमा मेरो आफ्नै लय रहेको छ ।

*गायकका पछाडि त धेरै केटी भ्यानहरु पछि लाग्छन् रे नि ?*

हजुर मेरो धेरै केटी साथीहरू हुनुहुन्छ । उहाँहरूले मलाई होइन मेरो कला र गलालाई माया गर्नु हुन्छ । त्यसो त केटा फ्यान पनि धेरै नै हुनुहुन्छ । मेरो कला गलालाई मन पराउने मेरा फ्यान हुन्, भगवान हुन् मैले उहाँहरूलाई पूजा गर्छु ।

*तपाईं एउटा पर्यटन व्यवसायी, संगीत र पर्यटनको सम्बन्ध कस्तो हुँदोरहेछ ?*

मलाई गीत संगीतले मेरो आफ्नै ब्यबसयमा धेरै टेवा पुगेको छ । म कति विदेशी पर्यटकहरूलाई आफ्नो सिर्जना सुनाउने पनि गर्छु, जसले नेपाली गीतसंगीतलाई चिनाउने मौका मिलेको छ जस्तो लाग्छ । मेरो कलाले बिदेशीहरूले पनि छिट्टै विश्वास गर्नु हुन्छ त्यसैमा खुसी छु । कलाकार हुनुमा गर्व लाग्छ र व्यवसाय र संगीत दुवै मेरो कर्म हो ।

*गीत केका लागि गाउनुहुन्छ ? व्यवसायिकता वा रहर ?*

दुबैलाई भन्नु पर्छ रहर पनि ब्यवसाय पनि । व्यवसाय भन्नाले छिट्टै पैसा कमाउने पाराको गीत संगीत चाहिँ गरेको छैन । तैपनि मैले यसलाई व्यवसायिकसँग जोड्न सक्ने बनाएको छु जस्तो लागेको छ । पहिला रहरमा लागियो पछि यसलाई नै कर्म बनाउँदै आएको छु ।

*अबको योजना ?*

अबको योजना भन्नु पर्दा जहाँसम्म दर्शक श्रोताको माया पाइरहन्छु त्यति बेलासम्म गीत संगीतलाई न्याय दिई राख्नेछु । मेरो क्षमताले भ्याएसम्म गीतसंगीतलाई छाड्ने छैन । नयाँ नयाँ सिर्जनाहरू ल्याउनका लागि निरन्तर क्रियाशील हुनेछु ।

*प्रस्तुतिः सुमन*

## सौन्दर्य

# लक्ष्मी हेयर एण्ड ब्यूटी स्टुडियोको तेस्रो शाखा



लक्ष्मी हेयर एण्ड ब्यूटी स्टुडियोले ललितपुरको पुल्चोकस्थित भाटभटेनीमा आफ्नो तेस्रो शाखा विस्तार गरेको छ । स्टुडियोको चर्चित हाँस्यकलाकार सिताराम कट्टेल र कुन्जना घिमिरे अर्थात धुमुर्स सुन्तीलले उद्‌ाटन गरेका हुन । स्टुडियो उद्‌घाटन गर्न पुगेका उनीहरूलाई धुर्मुस–सुन्तली फाउण्डेसनका लागि स्टुडियोले ५० हजार रूपैंया नगद सहयोग समेत प्रदान गरेको थियो ।

१७ वर्षदेखि राजधानीमा सञ्चालनमा रहेको लक्ष्मी हेयर एण्ड ब्यूटी स्टुडियोले काठमाण्डौको महाराजगञ्ज र कोटेश्वर भाटभटेनी पछि ललितपुरको भाटभटेनीमा शाखा विस्तार गरेको हो । यहाँबाट महिला तथा पुरूषले कपाल तथा सौन्दर्य सम्बन्धी सम्पूर्ण सेवाहरू लिन सक्नेछन् । बुटिक शैलीमा संचालनमा आएको ललितपुर शाखा पारिवारिक हेयर एण्ड ब्यूटी स्टुडियो भएको स्टुडियोका अध्यक्ष लक्ष्मी ठाकुरले बताए ।

भाटभटेनी स्टोर पुल्चोकको पछाडीतर्फको खुल्ला भागमा आकर्षक शैलीको डिजाइनमा तयार पारिएको स्टुडियोले एक पटकमा १५ जनालाई सेवा प्रदान गर्न सक्ने अध्यक्ष ठाकुरले बताए । ललितपुर क्षेत्रका ग्राहकहरूको अत्यधिक मागका कारण यस क्षेत्रमा शाखा संचालनमा ल्याइएको अध्यक्ष ठाकुरले बताए । 'बच्चादेखि वृद्धासम्म हाम्रा ग्राहक हुन्, मध्यमवर्गदेखि उच्च घरानियासम्मका लागि लक्षित गर्दै हामीले स्टुडियो सञ्चालनमा ल्याएका हौं,' उनले भने । सन् १९९६ मा केही नयाँ काम गर्ने सोचका साथ भारतको मुम्बइमा चार वर्ष बसेर बसेर व्यवसायिक दक्षता हासिल गरी नेपाल आएका लक्ष्मी ठाकुर विगत १७ बर्षदेखि यो व्यवसायमा आबद्ध छन् । उनले नेपालको चलचित्र, सांगीतिक क्षेत्रका ख्याती प्राप्त कलाकार तथा प्रख्यात मिडियाकर्मीहरूको कपाल नियमित रूपमा काट्दै आएका छन् । अन्य मुलुकको तुलनामा सौन्दर्य तथा कपाल कटाई व्यवसायिक हुन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनमा अझै आक्रामक व्यवसायिक योजना लिएर आउने ठाकुरले बताए ।

महोत्तरी जिल्लामा तेस्रो नमुना एकीकृत मुसहर बस्ती निर्माणमा सक्रिय रहेको धुर्मुस सुन्तली फाण्डेसनलाई नगद सहयोग गर्दै स्टुडियोले सामाजिक उत्तरदायित्व वहन गर्न अरूलाई पनि अपील गरेको छ । सोही क्रममा फाउण्डेसनका सिताराम कट्टेल र कुञ्जना घिमिरेले पनि स्टुडियोले गरेको सहयोगको स्वागत गर्दै एकीकृत बस्ती निर्माणमा सहकार्य गर्न सबैलाई आग्रह गरे । व्यवसायिक प्रतिष्ठानको चेनका रूपमा स्थापित हुँदै आएको स्टुडियोले तीन शाखामा ४५ जनालाई रोजगारी समेत दिएको छ ।

व्यवसायीसँग संगीतका कुरा



'आफू त पश्चिमको छोरो लोकदोहोरी साह्रै मन पराइन्छ' धनबहादुरले भने- 'रेष्टुरेन्टमा आफू भएको बेलामा पश्चिमेली दोहोरी बज्छ, कतिले त बन्द गरसमेत भन्छन् तर म बजाउन छाड्दिनँ ।' व्यवसायमा सक्सेस भए पनि उनी गीतसंगीतमा भने रहर मात्रै भएको बताउँछन् । उनी पशुपति शर्मा, गणेश गुरूङ, मुना थापाका गीतहरू बढी बजाउने गर्छन् ।

# "व्यवसायमा सक्सेस संगीतमा रहर"

**धनबहादुर गुरुङ, संचालक**
**गुरुङ बी.बी.क्यू एण्ड हट किचन,धरान**

सुमन पण्डित/म्यूजिक खबर

धनबहादुर गुरूङ, यतिखेर आफैं साहु र आफैं कामदारका रूपमा परिचित छन् । बक्राङ-८ गोरखामा जन्मिएर यतिबेला पूर्वको पर्यटकीय नगरी धरानमा रेष्टुरेन्ट व्यवसाय सञ्चालन गर्दै आएका छन् । उनको बार्बिक्यूमा राम्रो दख्खल छ अर्थात् मिठो परिकार बनाउनमा उनी खप्पिस छन् । बुबा ज्ञानबहादुर गुरूङ र आमा गौमाया गुरूङका ७ सन्तानमध्येका साहिला सन्तान हुन् धनबहादुर । बुबा लाहुरे, पारिवारिक रूपमा गाउँमा खान्दानी परिवार हो उनको । तर उनलाई भने स्कुले जीवनदेखि नै लाहुरे हुने सोख मनमा पलायन । उनी सधैं राम्रो कुक बन्ने सपना मनमा लिएर हिंड्थे । उनको सपना अनुसारको काठमाडौंको गल्लीले पनि कुक नै बनाइदियो । काठमाडौंमा उनी कुककै जागिर गर्न थाले । सोल्टी होटलमा लामो समय काम गरेका धनबहादुरले पछिल्लो समय आफ्नो सीपलाई आफ्नै लगानीमा धरानस्थित गणेशमानचोक पुण्य मार्गमा 'गुरूङ बी.बी.क्यू एण्ड हट किचेन'का रूपमा संचालन गरिरहेका छन् । यसअर्थमा पनि उनी आफैं साहु र आफैं कामदारका रूपमा समाजमा परिचित छन् ।

मिठो खाना बनाउने जादू धनबहादुरसँग छ । त्यही खानाकै स्वादले मनमाया लिम्बूलाई पनि आकर्षित गरेको हो । उनका हातका सीपसँगै मनमायासँगको सामिप्यता बढेको बताउँछन् धनबहादुर । पश्चिमको गुरूङ र पूर्वकी लिम्बूनीसँगको सामिप्यता र खानाको मिठासले वास्तविकतामा जीवनसाथी बन्न पुगेका छन् । सोल्टी होटलमा काम गर्दागर्दै धनबहादुरले मनमायासँग विहे गरे । विहेपछि केही वर्ष विदेशमा कुक भएर सीपलाई बाँड्न पुगे । विदेशको भूमिमा नेपालीको कला कौशल देखाउनमा उनी माहिर थिए, जसका कारण स्याब्बासी मात्र होइन धनआर्जन पनि गरे धनबहादुरले । ४ वर्ष गल्फ कन्ट्रीको स्याराटोन सीफुडको अनुभव लिएपछि उनी नेपाल फर्किए । आफूले जानेको सीप सधैं विदेशीलाई मात्र दिन हुन्न, स्वदेशमै सीपलाई लगानी गरेर उत्कृष्टता हासिल गर्न सकिन्छ भन्ने उद्देश्यले धरानमा बार्बिक्यूको रेष्टुरेन्ट संचालन गर्दै आएका छन् धनबहादुर ।

गुरूङ बी.बी.क्यू एण्ड हट किचेन यतिबेला पूर्वकै उत्कृष्ट गुणस्तर भएर रेस्टुरेन्टमा गनिन्छ । यो हुनुमा धनबहादुरको मात्र हात छैन, उनकी श्रीमती मनमाया लिम्बू गुरूङको पनि महत्वपूर्ण देन छ । साउदी, दुबई जाँदा बार्बिक्यूको राम्रो बजार देखेर स्वदेशमा स्थापित गर्छु भन्ने उद्देश्यले सञ्चालन गरिएको गुरूङ बी.बी.क्यूमा अहिले भ्याइनभ्याइ हुने गरेको छ । हाइजेनिक, बोसोरहित सफा र स्वादिष्ट बार्बिक्यू लगायतका भोजन दिनु गुरूङ बी.बी.क्यूको विशेषता बनेको छ । १८ जनालाई रोजगारी दिन सफल गुरूङ बीबीक्यूमा दैनिक व्यापारलाई हेर्ने हो भने सन्तोषजनक छ । राम्रो व्यापार गर्न सफल यस रेष्टुरेन्टमा धरान पुग्ने जोकोही पनि एकचोटी पुगेर बार्बिक्यूको स्वाद लिएर फर्कने गर्छन् । वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, अभिनेता सरोज खनालदेखि अनमोल केसीसम्मका कलाकार त्यहाँ पुगेर रमाउने गरेका छन् । आउँदो चैत २१ गते तेस्रो वर्ष पूरा गरी चौथो वर्षमा प्रवेश गर्दै गरेको यो रेष्टुरेन्टको व्यापार देखेर गोर्खा ब्रुअरीलेसमेत सम्मान गरेको छ धनबहादुरलाई । पूर्वमा सबैभन्दा धेरै टुबोर्गको व्यापार गर्ने रेष्टुरेन्टमा पर्छ गुरूङ बी.बी.क्यू. एण्ड हट किचेन । धनबहादुरले बनाएको परिकारमा रमाउनेहरू धेरै छन् । उनले आफू मात्र होइन आफ्ना चेलाहरू पनि त्यस्तै बनाएका छन् । माछा, चिकेन, मटन, पोर्कका बार्बिक्यू एवं सीफुडको मिठो स्वाद लिन उनको रेष्टुरेन्टमा धेरै पर्यटकहरूसमेत आउने गरेका छन् । एकपटक उनको रेष्टुरेन्टमा पुगेको ग्राहकले सधैं पूर्व जाँदा गुरूङ बीबीक्यूलाई मिस गर्छ, उनले भने ।

धनबहादुर र मनमायाका एक छोरा र एक छोरी छन् । रेष्टुरेन्टकै व्यापारले परिवारमा सन्तुष्टि मात्र दिएको छैन धनबहादुरलाई, मान सम्मान पनि उत्तिकै मिलेको छ । समाजसेवामा पनि उनी उत्तिकै सक्रिय छन् । पूर्वका अनाथ आश्रमहरूमा उनले वर्षमा एकचोटी खाना खुवाउने कार्यक्रम राख्छन् । त्यस्तै जन्मस्थान गोर्खा जिल्लाको मनकामना मन्दिर पुननिर्माणमा उनले एक लाख सहयोग गरेका छन् भने विभिन्न सामाजिक कार्यहरूमा उनको हात अघि बढिरहेको हुन्छ ।

त्यसो त धनबहादुर राम्रो फुटबलर पनि हुन् । उनको अध्यक्षतामा धरानमा गुरूङ बीबीक्यू फुटबल टीमसमेत गठन गरेका छन् । पूर्वदेखि पश्चिमसम्म उनको फुटबल टीमले भाग लिने गर्छ । टीमका म्यानेजर भने अनिल लिम्बू हुन् । विभिन्न ठाउँमा समाजसेवाका लागि आयोजना हुने फुटबल प्रतियोगितामा सहयोग स्वरूप पनि यो टीमले खेल खेलेर आउने गरेको छ । तमु ह्युला छोजधीं सुनसरी जिल्ला सदस्यसमेत रहेका धनबहादुरलाई पूर्वमा हुने प्राय कार्यक्रम छुटाउँदैनन् ।

'आफू त पश्चिमको छोरो लोकदोहोरी साह्रै मन पराइन्छ' धनबहादुरले भने- 'रेष्टुरेन्टमा आफू भएको बेलामा पश्चिमेली दोहोरी बज्छ, कतिले त बन्द गरसमेत भन्छन् तर म बजाउन छाड्दिनँ ।' व्यवसायमा सक्सेस भए पनि उनी गीतसंगीतमा भने रहर मात्रै भएको बताउँछन् । उनी पशुपति शर्मा, गणेश गुरूङ, मुना थापाका गीतहरू बढी बजाउने गर्छन् । छिट्टै नै रेकर्डको तयारीमा रहेका धनबहादुरले आफ्नो रहर एउटा गीत गाउने भएकोले रेकर्ड गर्न लागेको बताउँछन् । गीतसंगीत भनेको सुखदु:खको साथी भएको बताउँछन् उनी । गीतसंगीतको सीमा हुँदैन तर मन पराउनु र नपराउनु भन्ने कुरा त भइहाल्छ । म पूर्वको गीतदेखि पश्चिमका सबै गीत सुन्छु तर बढी लोकदोहोरीले नै मनमा आनन्द दिन्छ, धनबहादुरले भने ।








SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहिबार, मनोरञ्जनको सूचना र समाचार
म्यूजिक डायरी Music Diary
STREETNEPAL.com total newsportal





# "कामदारबाट कलाकार"

रामचन्द्र कोइराला अर्थात् आरसी कोइराला एउटा सफल कलाकार हुन् । हिमालचुली कल्चरल ग्रुपमा काम गर्न छिरेका कोइराला अन्ततः आफैं कलाकार बने । उनी स्कुलमा सामान्य गाउने, नाच्ने, कविता भन्ने जस्ता प्रतियोगिताहरूमा भाग लिने गर्थे तर कलाकार बन्छु भन्ने सोच मनमा थिएन । कलाको संगतमा लागेपछि कलाकार बनेका कोइराला कोरियोग्राफदेखि अभिनयसम्म, गीतकारदेखि निर्देशनसम्मको यात्रा तय गरिसकेका छन् । चलचित्र गोर्खा पल्टन र परदेशीमा राम्रो अभिनय गरेका कोइरालाले दर्जनौं गीत लेखेका छन् । नयाँ एल्बमको तयारीमा रहेका कोइरालाले गीति लेखनमा भने आफूलाई क्षितिज उपनामबाट परिचित गराउन लागेका छन् । सांस्कृतिक पर्यटन भित्र्याउने लक्ष्यमा लागिपरेका कोइरालाले पर्यटन कलाकार स्वागत सत्कार नेपाली लोक संस्कृतिको आधार मूल नारा दिएर अन्तर्राष्ट्रिय लोक सांसकृतिक मेला आयोजना गर्दै आएका छन् । वर्ल्ड एसोसिएसन अफ पर्फमिङ आर्ट, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका सल्लाहकारसमेत रहेका कोइराला फेडरेशन अफ इन्टरनेशनल डान्स फेस्टिबलका एसिया च्याप्टरका वरिष्ठ उपाध्यक्षसमेत हुन् । कल्याणपुर १ हर्कपुर, नुवाकोटमा जन्मिएका कोइराला विगत २७ वर्षदेखि नेपाली लोकसंस्कृतिको क्षेत्रमा दत्तचित्त भएर लागिरहेका छन् ।

## सरकारभन्दा ठूला व्यक्ति

मुलुकका लागि जहिले पनि सरकारबाट आशा गरिएको हुन्छ तर जनताका आशाहरू मुलुक हाँक्नेहरूबाट निराशामा परिणत भएको धेरै उदाहरणहरू छन् । सरकारले गर्नुपर्ने काम व्यक्तिबाट भइरहेको हुन्छ तर सरकारले प्रोत्साहनका लागि शब्दसमेत खर्चन नसक्ने हुन्छ उल्टो त्यो व्यक्ति नै सरकारी कार्यालय हिंड्दा हिंड्दै खर्चको भार खेप्नुपर्ने अवस्था आइपरेको हुन्छ । सरकारले गर्नुपर्ने काम व्यक्तिले गरेका उदाहरणहरूमा अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला आयोजना गर्दै आएका आरसी कोइराला पनि एक हुन् । कोइराला विगत डेढ दशकदेखि लोक संस्कृतिको क्षेत्रमा क्रियाशील हुँदै आएका छन् । मुलुकको कला संस्कृतिलाई विदेशीसामु पुऱ्याउने र विदेशी लोक संस्कृतिलाई नेपाल सामु ल्याउने काम कोइरालाले गर्दै आएका छन् । विश्वका ठूला राष्ट्रहरूका लोकसंस्कृतिलाई नेपालमा भित्र्याएका छन् भने नेपाली मौलिक लोक संस्कृतिलाई पनि ती देशहरूमा पुऱ्याउन सफल भएका छन् । १९९८ को पर्यटन वर्षबाट एभरेष्ट नेपाल कल्चरल ग्रुपको स्थापना गरी विदेशका लोक संस्कृतिको क्षेत्रमा क्रियाशील संघसंस्था र त्यहाँको सम्बन्धित सरकारी निकायसँगसमेत उनको सहकार्य भइरहेको छ । सन् २००२ बाट सुरू भएको अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला आठौं पटकसम्म नेपालमा सम्पन्न गरिसकिएको छ । प्रत्येक दुई वर्षमा आयोजना हुँदै आएको यो फेस्टिबलले मुलुकका विभिन्न आधा दर्जनभन्दा बढी राष्ट्रलाई नेपालको विभिन्न शहरमा पुऱ्याएर उनीहरूको संस्कृतिलाई देखाउने र आफ्नो कला संस्कृति उनीहरूलाई देखाउने काम गरिरहेको छ । नेपाली कलासंस्कृतिको खातिर सरकारले गर्नुपर्ने काममा एउटा व्यक्तिले काम गरिरहेको छ । पर्यटकीय दृष्टिकोणबाट पनि अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला सेतुको रूपमा काम गरिरहेको देखिन्छ ।

## सुरुका वर्ष त्रासैत्रासमा

सन् २००२ मा अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला सुरू भएको हो । जुन बेला मुलुकमा माओवादीको सशस्त्र युद्ध चर्किरहेको थियो । विदेशबाट कलाकारहरूलाई यहाँ भित्र्याएर फेस्टिबल सम्पन्न पार्नु चानचुने थिएन । मुलुकमा भएको युद्धको चपेटामा पर्नु स्वभाविक नै थियो । विदेशी पाहुनाको सत्कार र सम्मानमा आँच आउने काम होला कि भन्ने डर एकारित थियो भने अर्को फोनमा धम्की आउने काम जारी थियो । पहिलो मेला हुँदा काठमाडौं बन्द थियो, दोस्रो मेला हुँदा नेपाल बन्द थियो भने तेश्रो मेला पोखरामा हुन गइरहँदा भने गण्डकी बन्द थियो । विदेशीलाई बोलाएर कार्यक्रमका लागि तयारी गरिरहँदा त्रासैत्रासमा कार्यक्रम गर्नुपर्ने वातावरण थियो । अर्कोतिर यति धेरै विदेशी ल्याएर कार्यक्रम गरेको छस् करोडौं कमाइस होला हामीलाई पनि यति चाहियो नत्र कार्यक्रम नै विथोल्छौं भनेर धम्की आउने गर्थ्यो । विदेशीको अगाडि नराम्रो होला कि, नेपालीको कला संस्कृतिभन्दा पनि नराम्रो सन्देश जान्छ कि भन्ने तनाव बढ्दो थियो । सरकारी तबरबाट कुनै सहयोग नभएका कारण व्यक्तिगत तरिकाले सुरक्षा संयन्त्र मिलाउँदै कार्यक्रम सम्पन्न गर्दै जाँदा त्रासैत्रासमा कार्यक्रम सम्पन्न हुन्थ्यो ।

## कामदारबाट कलाकार

आरसी कोइराला अर्थात रामचन्द्र कोइराला सुरूमा जागिरको सिलसिलामा हिमालचुली कल्चर ग्रुपमा प्रवेश गरेका थिए । त्यही कल्चरमा काम गर्दागर्दै उनीभित्र कलाकारिताको मोह बढ्दै गएको पत्तै भएन । त्यसपछि त्यही कल्चरमा प्रशिक्षण लिंदै गर्दा उनी पछिल्लो समय राम्रो कोरियोग्राफका रूपमा परिचित भए । तत्कालिन समयमा चलचित्रमा समेत उनलाई कोरियोग्राफको लागि अफर आयो तर उनले त्यतातिर काम गरेनन् । त्यसपछि एभरेष्ट कल्चर सोसाइटीमा काम गरे । त्यहाँ काम गर्दा कोइरालाले विदेशदेखि स्वदेशसम्मका कल्चरल कार्यक्रमहरूमा सहभागी भएर काम गरे । आफ्नो देशको कला संस्कृतिलाई विदेशमा लैजाने अवसर यही बेलाका कार्यक्रमहरूले मिलाइदिएको हो । एभरेष्ट कल्चर सोसाइटीमा काम गर्दैगर्दा उनले एभरेष्ट नेपाल कल्चरल ग्रुप दर्ता गरिसकेका थिए । विस्तारै सोसाइटी बन्द भयो त्यसपछि आफ्नै संस्थामा बसेर नेपाली कला संस्कृतिलाई विदेशतर्फ विस्तार गरे । उनले सिकेको कोरियोग्राफीको काम पछि आफ्नै ग्रुप एभरेष्ट नेपाल कल्चरल ग्रुपमा उनको सिप काम लाग्यो ।



## राजीव र प्रकृतिको 'मेरी माया जून'

म्यूजिकखबर । 'मेरी माया जुन' बोलको पप गीतको भिडियो तयार भएको छ । हेरूका लामाको निर्देशनमा उक्त गीतको छायाँकन विरेन्द्र भट्टले गरेका हुन् भने किरण थापाले सम्पादन गरेका छन् । गोदावारीको रमणीय स्थलमा छायाँकन गरिएको 'मेरी माया जुन'मा पछिल्लो समय ब्यस्त बन्दै आएका निर्देशक तथा मोडल राजीव श्रेष्ठ र नायिका प्रकृति ढुंगानाको अभिनय देख्न पाईने छ । दिपेन्द्र दुलालको शब्द, आकाश कटुवालको संगीत रहेको यस गीतमा बलराम केसीले भरेका छन् । गीतको बारेमा करिब तीन दर्जन म्युजिक भिडियोहरूमा निर्देशन र दुई दर्जनभन्दा बढी भिडियोहरूमा मोडलिङ गरिसकेका निर्देशक तथा मोडल राजीव भन्छन्, 'गीतलाई निकै फरक तरिकाबाट प्रस्तुत गर्न खोजिएको छ ।

## सेवा रेकर्डिङ दोस्रो वर्षमा

म्यूजिकखबर । गीतसंगीतको क्षेत्रमा क्रियाशील रहँदै आएको सेवा रेकर्डिङ डिजिटल स्टुडियो पहिलो वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको छ । गत वर्ष शिवरात्रीकै दिन संचालनमा आएको यस स्टुडियोले पहिलो वर्षगाँठ मनाउँदै दोस्रो वर्षमा प्रवेश गरेको छ । दोस्रो वर्ष प्रवेशका अवसरमा चर्चित गायक गायिकाहरूले सामाजिक सञ्जालमार्फत् शुभकामनासमेत प्रदान गरेका छन् । अत्याधुनिक डिजिटल सेवासहित रेकर्डिङ कार्य गर्दै आएको यस स्टुडियोमा रेकर्डिङ भएका गीतहरूले बजारमा लोकप्रियता पाउँदा खुशीको महसुस हुने स्टुडियोका संचालक गायक तथा संगीतकार भिषण मुकारूङले बताए । गीतसंगीतको रेकर्डिङदेखि बजार व्यवस्थापनसमेत गर्दै आएको सेवा रेकर्डिङ स्टुडियो एवं सेवा इन्टरटेनमेन्टले सम्पूर्ण गायक, गायिका, संगीतकार, एरेन्जर, बाद्यवादक, ध्वनि मुद्रक लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनेहरूलाई आभार प्रकट गरेको छ ।

व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोन: ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

# “केही गरेरै छाड्छु भन्ने आत्मविश्वास छ”

> समय बलवान अनि चलायमान हुन्छ । त्यही समयमा उनी स-परिवार विदेशको बसोबास गर्न बाध्य भइन् । जसले गर्दा यात्राको शुरुवातमै उनको सांगीतिक करियरमा केहि धक्का लाग्यो । ४ वर्षसम्म विदेशीभूमि कतारलाई कर्मथलो बनाइन् । घरगृहस्थी चलाउँदै, स्थानिय सांस्कृतिक कार्यक्रमहरुमा स्टेजमा उक्लिएर केहि प्रस्तुति दिंदैमा उनले चित्त बुझाउनु पर्‍यो ।



**सविता पोखरेल/म्यूजिक खबर**

सांगीतिक धरातलको गन्तव्यमा पुग्ने उद्देश्यले २०७१ को वैशाखमा 'गन्तव्य' एल्वम मार्फत यात्रा आरम्भ गरिन् गायिका रमा अर्यालले । पूर्वि नेपालको इलाममा जन्मिएर झापामा हुर्किएकी रमा, यात्रा गरे न गन्तव्यमा पुग्न सकिन्छ भन्ने सोचले यतिबेला संगीतमा रमाइरहेकी छिन् । उनको माइतीमा नै संगीतको माहौल थियो । सबै दाजु दिदी स्थानीय कार्यक्रमहरूमा गीत गाउने, मादल बजाउन अग्रसर हुनुहुन्थ्यो । रमा पनि संगीतको प्रेमबाट अलग थिइनन् । घरमा राम्रो गाउन सक्ने उनले लाजका कारण विद्यालयमा गाउन अग्रसर भइनन् । कलेजमा भने ग्रुपिङ्मा गीत गाएर सुनाएपछि साथीहरूले उनको स्वरको खुबै प्रशंसा गर्थे ।

घरपट्टी पनि उनले संगीत अनुरागी परिवार पाइन् । अझ श्रीमान् नविन पोखरेलको संगीत र कलाप्रतिको मायाको त कुरा गरिसाध्य छैन । रमाले गायिकाको छवी बनाउनु अघि नै उनका श्रीमान् म्यूजिकसँग जोडिसक्नु भएको थियो म्यूजिक भिडियोको अभिनय मार्फत । संगीतका पुजारी श्रीमान्को सपोर्टले नै उनले गायिकाको परिचय बनाउन सफल भइन् । उनी भन्छिन्- 'मैंले आफू भित्र रहेको गायन प्रतिभालाई चिन्न सकिरहेकी थिइन । घरमा मैले गुनगुनाएको श्रीमानले सुनेपछि मलाई स्थापित गायिका बन्ने लक्षण देख्नु भएछ । मैले मलाई जति चिनें, त्यो भन्दा बढी मेरो श्रीमानले मलाई चिन्नु भएछ । मलाई नै गायिका बन्न सक्छु भन्ने आत्मविश्वास थिएन । तर मेरो श्रीमानले ममा एउटा गायिकामा हुने सम्पूर्ण गुण देखेर यसतर्फ मलाई प्रोत्साहन दिनुभयो । अहिले पनि मेरो सुर लागेको नलागेको उहाँले ठ्याक्कै थाहा पाउनुहुन्छ ।' त्यसपछि रमा संगीतकार दिपक शर्मासँग संगीत शिक्षा लिन थालिन् । घरमा बाथरूम सिंगर भएर खुम्चिएकी रमाले यतिबेला कुशल गायिकाको परिचय बनाइसकेकी छिन् । संगीत सिकाइकै क्रममा उनले गीतहरू रेकर्ड गराइन्, अनि ७ वटा गीत समावेश भएको 'गन्तव्य' तयार पारिन् । गन्तव्यमा गुञ्जिएका उनको स्वरले राम्रै चर्चा समेत पायो । 'तिम्रो के राशि' र 'कहाँ लाग्छ'ले राम्रै चर्चा पनि पाए । उनले 'तिम्रो के राशी' गीतबाट म्यूजिक खबर म्यूजिक अवार्ड नै चुमिन् । जसले गर्दा गायिका रमालाई गायनमा अझ हौसला मिल्दै गयो । संगीतका बरिष्ठ साधकहरूले समेत उनको खुलेरै तारिफ गरे । सांगीतिक यात्राको आरम्भमा नै गन्तव्य निकालेकी उनलाई सांगीतिक यात्राको सुखद इशारा मिल्यो । तर, समय बलवान अनि चलायमान हुन्छ । त्यही समयमा उनी स-परिवार विदेशको बसोबास गर्न बाध्य भइन् । जसले गर्दा यात्राको शुरूवातमै उनको सांगीतिक करियरमा केहि धक्का लाग्यो । ४ वर्षसम्म विदेशीभूमि कतारलाई कर्मथलो बनाइन् । घरगृहस्थी चलाउँदै, स्थानिय सांस्कृतिक कार्यक्रमहरूमा स्टेजमा उक्लिएर केहि प्रस्तुति दिंदैमा उनले चित्त बुझाउनु पर्‍यो ।

संगीतप्रतिको लगावले उनलाई विदेश बसाइलाई अझ लम्ब्याउन सकिनन् । पारिवारिक व्यवस्थापन गर्दै यतिबेला उनी नेपालमै छिन् । संगीत त उनको नसा नसामा छ । यसर्थ अहिले पनि उनी संगीत साधक मनोजराज शिवाकोटीसँग सांगीतिक ज्ञान लिइरहेकी छिन् । स्रोताहरूको आग्रहका कारण उनी गन्तव्य-२ एल्बमको तयारी गरिरहेकी छिन् । जसका लागि ४ वटा गीतहरू तयार भइसकेका छन् । श्रीमान् नविनले लेखेको 'तिमी हौ नी मलाई' बोलको गीतमा गायक मनोज शर्मासँगै उनले स्वर दिएकी छिन् । जसमा दिपक शर्माको शब्द रहेको छ । यस्तै अरूण तिवारीको शब्द तथा हरि लम्सालको संगीत रहेको 'यहाँ दुःख त सबैले झेलेकै हुन्छन्' बोलको गीतमा पनि उनले गायक स्वरूपसँग उनले स्वर दिएकी छिन् । यी गीतबाट उनी निकै नै आशावादी रहेको बताउँछिन् ।

धरासयी बनिरहेको नेपालको संगीत उद्योगमा नयाँ कलाकार आउँछन्, एक-दुई गीत गाएपछि हराउँछन् । तर रमा सांगीतिक दुनियाँमै रमाइरहने बताउँछिन् । 'यो क्षेत्रमा व्यक्तिगत उचाई मिलिरहेको छ भने हराउने कुरै भएन नी' उनि भन्छिन्- 'कहिलेकाहिं यो क्षेत्रमा आउनलाई ढिलो पो भयो कि जस्तो पनि लाग्छ, तर फेरि विद्यमान सांगीतिक परिस्थिति हेर्दा ढिलो आए पनि विलम्ब नै भयो भन्ने अनुभुति हुँदैन रे उनलाई । उनि भन्छिन् -'आफुभन्दा अग्रजका अनुभुति सुन्दा त ठिकै गरेछु जस्तो लाग्छ । हाम्रै आँखा अगाडि पनि यस्ता कलाकार हुनुहुन्छ जसले आफ्नो जीवनको सबैभन्दा महत्वपूण समय यहि क्षेत्रलाई समर्पण गर्नुभयो, कतिपयले त झन् सम्पूर्ण भौतिक जीवन यहि क्षेत्रप्रति समर्पित गर्नुभयो । तर यसको बदलामा के पाउनु भयो त उहाँहरूले ? आज उहाँहरूको जीवन कति कष्टप्रद छ ? सोच्दा पनि म भावविव्हल हुन्छु । एउटा भेटघारमा एकजना बरिष्ठ संगीतकारले भन्नुहुन्थ्यो यो क्षेत्रलाई सम्पूर्ण ठानेर समर्पित हुने सर्जक भनेको श्रीमती र बालबच्चालाई यातना दिने सर्जक हो । उहाँको उचाइमा पुगेको संगीतकारको स्थिति यस्तो छ भने सायद म पनि पहिलदेखि नै यो क्षेत्रमा सक्रिय हुन्थें भने मैंले पनि मेरो परिवारलाई अन्याय गरिरहेकी हुन्थें होला जस्तो लाग्छ । ढिलै भएपनि आएकी छु, केही गरेरै छाड्छु भन्ने आत्मविश्वास छ ।







